# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

*"स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकताअनुसार स्थानीय विषयवस्तुहरुलाई समावेश गरी निर्माण र कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।"*

यस परिभाषालाई हेर्दा केन्द्रियस्तरमा निर्मित नभएर स्थानीय स्तरमा स्थानीय व्यक्तिहरुको प्रत्यक्ष सम्लग्नतामा स्थानीय स्तरमा महत्त्वपूर्ण रहेका ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, धार्मिक आदि सम्बन्धि आवश्यकताका विषयवस्तुहरुलाई समेटी विद्यालय स्तरमा पठनपाठनको लागि निर्माण र कार्यान्वयन गर्न तयार गरिएको शैक्षिक कार्यक्रमको योजनालाई नै स्थानीय पाठ्यक्रम भनिन्छ ।

वास्तवमा स्थानीय पाठ्यक्रमले केन्द्रिय पाठ्यक्रमले समेट्न नसकिएको स्थानीय महत्त्वका विभिन्न विषयवस्तुहरु समेट्ने, स्थानीय ज्ञानको खोजी गर्ने एवं नवीनतम ज्ञान एवं सीपको विकासमा सहयाग पुऱ्याउने कार्य गर्दछ । बालबालिकाहरुलाई आफू हुर्केको, सानै देखि परिचित एवं उनीहरुले भोगेका वातावरणको आधारमा अन्य नवीनतम ज्ञान तर्फ उन्मूख गराउन स्थानीय पाठ्यक्रमले सघाउ पुऱ्याउँदछ । बालबालिकाहरुले उनीहरु हुर्केको सामाजिक परिवेश, वरिपरिको वातावरण, भूगोल, जातजाति, भेषभुषा भाषा आदि सामुदायीक विविधताको ज्ञान दिलाउन यस्ता स्थानीय परिचित विषयवस्तुहरुलाई समवेश गरी पठनपाठनको लागि पाठ्यक्रम निर्माण गरिने भएकोले नै स्थानीय पाठ्यक्रमको महत्त्व बढेको छ भन्न सकिन्छ ।

यसप्रकार स्थानीय पाठ्यक्रमको महत्त्व दिनदिनै बढीरहेको सन्दर्भमा नेपालको विद्यालयस्तरका पाठ्यक्रम निर्माण प्रक्रियालाई हेर्ने हो भने अझै पनि कतिपय विषयहरुमा केन्द्रले नै निर्माण गरेको पाठ्यक्रम देशभर लागुगरिरहेको अवस्था छ ।

हुनत वि.स. २०४९ को प्राथमिक शिक्षा पाठ्यक्रमले एक विषयको पाठ्यक्रम स्थानीय तहले निर्माण गर्न पाउने प्रावधान नल्याएको होइन । तर यो स्थानीय पाठ्यक्रमको प्रावधान कार्यान्वयमा आउन सकेन ।

नेपालको परिप्रेक्ष्यमा पाठ्यक्रम निर्माण प्रक्रियालाई विकेन्द्रीकृत गरी स्थानीय तहमा पाठ्यक्रम निर्माणको जिम्मेवारी विद्यालय तहसम्म पुऱ्याउन खोजीएको यो सम्भवतः पहिलो प्रयास हुनु पर्दछ । अन्तराष्ट्रिय परिवेशको सन्दर्भमा पनि शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरुप विद्यालयलाई नै संस्थागत रुपमा सबल, सक्षम, उत्तरदायी र जिम्मेवार बनाउन विभिन्न अधिकारहरु प्रत्यायोजन गरेको पाइन्छ ।

*शैक्षिक विकेन्द्रीकरणको सम्बन्धमा डेनमार्कले नगर क्षेत्रमा रहेका विद्यालयहरुलाई आफ्नो विद्यालयको सम्बन्धमा निर्णय लिन, विकास योजना बनाउन पूर्ण अधिकार राज्यले दिएको कुरा* Lindborn, *१९९३ लाई उद्घृत गर्दै स्थानीय पाठ्यक्रम स्रोतसामग्रीमा उल्लेख गरिएको छ (स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री, २०६६)।"।*

तसर्थ विकेन्द्रीकरणको अवधारणा अनुसार विद्यालयलाई नै पाठ्यक्रम लगायत विभिन्न शैक्षिक योजनाहरु निर्माण देखि कार्यान्वयन गर्न स्थानीय स्तरलाई अधिकार प्रदान गर्ने प्रयाश डेनमार्कको रहेको देखिन्छ । यसबाट के बुझिन्छ भने स्थानीय व्यक्तिहरुलाई उनीहरुको परिवेशसँग मेल खाने, उनीहरुको आवश्यकतासँग जोडीएको विभिन्न पक्षहरुलाई केन्द्रले सम्बोधन गर्न नसकेको परिवेशलाई आँकलन गरी शैक्षिक विकेन्द्रिकरणको अवधारणा अनुसार स्थानीय तहलाई नै अधिकार प्रदान गर्ने सोचअनुरुप स्थानीय पाठ्यक्रमको अवधारणा ती मूलुकहरुले अगाडि ल्याएको हुनुपर्दछ ।

त्यस्तै थाइल्याण्ड लगायत स्विडेनले पनि विकेन्द्रीकृत अवधारणा अनुरुप सरकारी विद्यालयहरुको संचालन गर्ने अभिभारा नगरपालिकालाई दिइएको र सुपरिवेक्षण गर्ने अधिकार प्रान्तीय सरकारलाई सुम्पेको देखिन्छ । यसबाट के बुझिन्छ यी मूलुकहरुले पनि स्थानीय निकायलाई अधिकार प्रदान गरी सक्षम, सबल र जिम्मेवार बनाउन खोजेको देखिन्छ ।

हाम्रो देश सानो भए तापनि यहाँको वस्तुस्थिति विविधतापूर्ण रहेको छ । भौगोलिक, साँस्कृतिक, भाषिक, जातीय लगाएतका अनेकौं विविधता रहेको देखिन्छ । विभिन्न ठाउँमा विभिन्न स्रोतहरु छन् । विभिन्न ठाउँका मानिसहरुको आवश्यकता, चाहना त्यहाँको भूगोल, वातावरण एवं वस्तुस्थितिले गर्दा फरकफरक हुन्छ । त्यसैले केन्द्रले निर्माण गरेको पाठ्यक्रमले सबै क्षेत्रका विवधताहरुलाई समेट्न परिचित गराइ अध्यापन गराउन सकिने सम्भावना देखिदैन । जस्तैः

*"उदाहरणको लागि काठमाण्डौ उपत्यका भित्रका बालबालिकाहरुको लागि काठमाण्डौ उपत्यकाका धार्मिक, साँस्कृतिक र पुरातात्त्विक महत्त्वका स्थलहरुको बारेमा जानकारी र सूचना प्रविधि सम्बन्धि शिक्षाको आवश्यकता हुन सक्छ भने जुम्लाका विद्यार्थीका लागि स्याउ खेती सम्बन्धि शिक्षाको आवश्यकता हुन सक्छ (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।"*

त्यस्तै डोल्पाको लागि यार्सागुम्बा संकलन र प्रशोधन गर्ने ज्ञान, सीप सम्बन्धि शिक्षा आवश्यक हुन सक्छ भने सिन्धुलीको लागि जुनार खेती सम्बन्धि शिक्षाको आवश्यकता हुन सक्छ । तसर्थ यी विविध आवश्यकताहरुलाई सम्बोधन गर्न, स्थानीय अवश्यकताका विषयवस्तुहरुलाई पाठ्यक्रममा समावेश गर्न, पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता गराइ पाठ्यक्रम प्रति अपनत्त्वको भावना जागृत गराउन स्थानीय पाठ्यक्रमको आवश्यकता देखिन्छ ।

*"स्थानीय पेशा, व्यापार र व्यवसायलाई प्रवर्धन गर्न, स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटन्, ऐतिहासिक, धार्मिक महत्त्वका स्थानीय सम्पदाहरुको संरक्षण र संबर्द्धन गर्न, कला संस्कृतिको उत्थान र विकास गर्न र स्थानीय स्रोतसाधनको अधिकतम परिचालन गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको छ (स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री, २०६६)।"*

नेपालको सन्दर्भमा स्थानीय विषयको बारेमा सर्वप्रथम वि.स. २०४९ को प्राथमिक तहको पाठ्यक्रमले औपचारीक व्यवस्था गरेको देखिन्छ । सो पाठ्यक्रममा कुनै पनि विद्यालयले मातृभाषा/स्थानीय विषयको वा अन्य कुनै स्थानीय वातावरण अनुकुलको विषय छनौट गरी १०० पूर्णाङ्कको पठनपाठन गर्नपाउने व्यवस्था गरेको देखिन्छ । स्थानीय पाठ्यक्रम सम्बन्धि व्यवस्था प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ देखि

सुरु भएतापनि स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुन नसकेको कुरा सम्बन्धित क्षेत्रका विज्ञहरु बताउँछन् । त्यसैले स्थानीय पाठ्यक्रम २०४९ को प्रावधानलाई कार्यरुप दिन परिमार्जित वि.स. २०६२ को प्राथमिक शिक्षा पाठ्यक्रम ले यसलाइ स्पष्ट पार्दै व्यवस्थित ढंगले कार्यान्वयन गर्ने प्रयाश गरेको देखिन्छ । जसअनुसार प्राथमिक तह अन्तर्गत कक्षा १ देखि ३ सम्म १०० पूर्णाङ्कको एउटा स्थानीय विषय र थप सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक बला विषयको ८० प्रतिशत पाठ्यक्रम केन्द्रले र २० प्रतिशत पाठ्यक्रम स्थानीय निकायले निर्मण र कार्यान्वयन गर्ने व्यवस्था गरेको देखिन्छ । अहिले आएर प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ ले सो व्यवस्थालाई कक्षा ४ र ५ सम्म लागु गरिसकेको पाइन्छ ।

नेपाल सरकार, शिक्षा मन्त्रालयले प्राथमिक तहमा १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय अनुकुलताको विषय छनौट गर्न पाउने व्यवस्था गरेको छ भने मातृभाषाको छनौट गर्दा बहुसङ्ख्यक विद्यार्थीहरुले बोल्ने गरेको भाषालाई छनौट गर्नु पर्ने प्रावधान छ भने मातृभाषा पठनपाठन गर्न नसकिने विद्यालयहरुमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, सीप र प्राविधिक विषयहरुका साथै गाउँ तथा जिल्ला तहका सामाजिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक लगायत पर्यटन आदि विषय छनौट गरी पठनपाठन गर्न सकिने व्यवस्था गरेको पाइन्छ ।

वि.स.२०६५ को स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकामा उल्लेख गरे अनुसार पाठ्यक्रम विकासका निम्न चरणहरु अपनाउनु पर्ने कुरा उल्लेखित गरेका छन :

- आवश्यकताको पहिचान
- उद्देश्य निर्धारण
- विषयवस्तु छनौट
- कक्षागत सिकाइ उपलब्धि विवरण
- शिक्षण प्रक्रिया (शैक्षिक सामग्री, क्रियाकलाप, विधि)
- विद्यार्थी मूल्याङ्कन
- समय निर्धारण

*स्रोत : (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६५)*

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यकताको पहिचान गर्दा निम्न व्यक्ति तथा संस्थाहरु एवं निकायहरुको संलग्नतामा गर्नुपर्ने उल्लेख गरिएको छ :

> *"जसमा स्थानीय तहका प्रतिनिधि, स्थानीय तहका गैरसरकारी सँस्थाका प्रतिनिधि, बुद्धिजिवि, उद्योगपति, व्यापारी, रोजगारदाता, अभिभावक, शिक्षक, स्रोतव्यक्ति, समाजसेवी, सामाजिक कार्यकर्ता र स्थानीय तहका सरकारी निकायका प्रतिनिधिहरुको सुझाव र सल्लाहमा जिल्ला शिक्षा कार्यालय वा श्रोतकेन्द्र अथवा विद्यालयको नेतृत्वमा के कस्ता विषयवस्तुहरु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने भन्ने बारे छलफल गरी स्थानीय पाठ्यक्रम तयार गर्नु पर्ने उल्लेख गरिएको छ (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४:२) ।"*

यसबाट के बुझिन्छ भने स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा व्यापक रुपमा विभिन्न क्षेत्र एवं तहका व्यक्तिहरु तथा निकायहरुको सहभागितामा स्थानीय आवश्यकता, चाहना एवं महत्त्वका विषयवस्तुको छनौट गरी सबैको सल्लाह र सुझाव अनुसार सम्बन्धित विद्यालय आफैले पनि पाठ्यक्रम निर्माण गर्न सक्ने वा स्रोतकेन्द्रको अथवा जिल्ला शिक्षा कार्यालयको अगुवाइमा पनि निर्माण गर्न सक्ने प्रावधान रहेको बुझिन्छ ।

छलफलको क्रममा राष्ट्रिय पाठ्यक्रमले दिएका विषयवस्तुहरुलाई आधारका रुपमा लिई स्थानीय तहमा शिक्षण गर्न सकिने विषयवस्तु केके हुन सक्छन् यकिन गरी संकलित सूचनाहरुलाई विशेषज्ञहरुको सहयोगमा प्राथमिकीकरण गरी पाठ्यक्रम निर्माण गरिनुपर्ने उल्लेख छ ।

वास्तवमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन प्रक्रियालाई चुस्तदुरुस्त बनाउन सकिएमा यसले स्थानीय क्षेत्रका विविध विषयहरुको सम्बोधन गर्न सकिने, स्थानीय सरोकारवालाहरु (अभिभावक, शिक्षक, विद्यार्थी, बुद्धिजिवि, संघसंस्था आदि)लाई पाठ्यक्रम विकास र निर्माण प्रक्रियामा सहभागी गराउने, उनीहरुकै सक्रियतामा पाठ्यक्रम तयार गरिने भएकोले स्थानीय अवश्यकतालाई परिपूर्ति गर्न सघाउ पुग्ने देखिन्छ । यति मात्र नभएर स्थानीय परिवेश अनुकुलको पठनपाठनले

सिकारुहरुलाई अभिप्रेरित गराउनुका साथै सिकेका कुराहरुलाई सामान्यीकरण गर्न पनि सघाउ पुऱ्याउँदछ ।

परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम वि.स.२०६२ (कक्षा १-३) र वि.स. २०६५ (कक्षा ४-५)ले स्थानीय पाठ्यक्रमको बारेमा निम्नानुसारको व्यवस्था गरेको छ :

| क.स. | विषय | केन्द्रले तोकेको विषयवस्तुको अंश | स्थानीय तहबाट तोक्ने विषयवस्तुको अंश |
|---|---|---|---|
| १ | स्थानीय विषय (स्थानीय तहबाटै छनौट हुने एक विषय) | - | १०० % |
| २ | सामाजिक अध्ययन | ८० % | २० % |
| ३ | शारीरिक शिक्षा | ८० % | २० % |
| ४ | सिर्जनात्मक कला | ८० % | २० % |

*स्रोत : स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री, २०६६)*

प्रस्तुत तालिकालाई हेर्दा प्राथमिक तहमा स्थानीय विषयको १०० % पाठ्यक्रम स्थानीय तहले नै निर्माणर कार्यान्वयन गर्ने देखिन्छ भने यसको आलवा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८० % पाठ्यक्रम केन्द्रले निर्माण गर्ने र २० % पाठ्यक्रम स्थानीय तहले निर्माण र कार्यान्वयन गर्ने देखिन्छ ।

वास्तवमा अधिकार दिएर मात्र पुग्दैन । त्यसको उपयोग गर्न सक्ने सक्षम, सबल । सुदृढीकरण गर्नु नै आजको मुख्य चुनौति रहेको छ । त्यस्तै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि स्थानीय तहलाई नै अधिकार दिइसकेको छ । स्थानीय तहले आफ्नो आवश्यकता र चाहना अनुसारको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न सकिने व्यवस्था गरिए तापनि सम्बन्धित पक्ष तथा निकायहरुले त्यसको निर्माण र कार्यान्वयन निर्दिष्ट रुपमा अगावै हुन नसकेको कुरा विभिन्न माध्यमहरुबाट सुन्नमा आएको पाइन्छ । सामाजिक, शारीरिक लगायत सिर्जनात्मक विषयको २० प्रतिशत अंश स्थानीय आवश्यकता अनुसारको विषयवस्तु छनौट गरी पाठ्यक्रम निर्माण र कार्यान्वयनको अधिकार विद्यालयलाई प्रदान गरेको भएपनि विद्यालयहरुले सो

पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो नदेखाएको गुनासो सुनिन्छ भने १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषयको बदला विद्यालयहरुले ऐ. अंग्रेजी विषय पठनपाठन गर्दै आएको कुरा पत्रपत्रिकाहरुमा आइरहेको छ । त्यस्तै कतिपय विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेको तर कार्यान्वयन हुन नसकेको गुनासो शिक्षकहरुको रहेको छ । यस अवस्थामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि सम्बन्धित सरोकारवाला व्यक्तिहरु, पक्षहरु, यसको अवलोकन एवं नीरीक्षण गर्ने निकायहरु तथा यसको कार्यान्वयनको लागि जिम्मेवार व्यक्ति तथा संस्थाहरु निष्कृय देखिन्छ ।

विद्यालय तहमा प्र.अ.ले, विद्यालय व्यवस्थापन समितिले, शिक्षक अभिभावक संघले तथा गाउँस्तरमा गाउँ शिक्षा समिति लागयत गाउँ विकास समिति तथा स्रोतकेन्द्र तहमा स्रोतव्यक्ति तथा जिल्ला तहमा विद्यालय निरीक्षक, जिल्ला शिक्षा कार्यालय जस्ता स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको संयत्रहरुले स्थानीय पाठ्यक्रमको बारेमा चासो नलिएकोले यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको कुरा प्रतित हुन्छ । विभिन्न सञ्चारका माध्यमहरु, पत्रपत्रिकाहरुले बेलाबेलामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन निर्दिष्ट गरे अनुसार हुन नसकेको कुरा प्रचारमा आइरहँदा पनि सम्बन्धित निकायहरु मौन नै देखिनु अचम्मको कुरा मान्न सकिन्छ र यसतर्फ चासो नलिनुले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने कार्य भविष्यमा के कस्तो हुँदै जाला ? भन्ने अचम्म लाग्नु पनि स्वभाविक चासोको विषय बन्न गएको छ ।

## १.२ समस्याको कथन :

प्राथमिक शिक्षा पाठ्यक्रम वि.स. २०४९ ले स्थानीय तहले पाठ्यक्रम निर्माण गर्न पाउने एक स्थानीय विषयको प्रावधान गरे पनि कार्यान्वयनमा आउन सकेन । यही कार्यलाई व्यवस्थित बनाउनको लागि परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम वि.स.२०६२ ले कक्षा १-३ मा स्थानीय तहले पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न पाउने गरी १०० पूर्णाङ्कको स्थानीय विषयको साथै सामाजिक अध्ययन, शारीरिक

शिक्षा र सिर्जनात्मक कला अन्तर्गत ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ भने वि.स.२०६५ देखि कक्षा ४-५ मा पनि स्थानीय तहले पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न पाउने गरी १०० पूर्णाङ्कको स्थानीय विषयको साथै सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला अन्तर्गत ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ ।

यस प्रावधानले शिक्षामा स्थानीय क्षेत्र वा निकायको भूमिकालाई सशक्त बनाउन खोजिएको देखिन्छ । स्थानीय पाठ्यक्रमको यस प्रावधानले स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता एवं चाहनाका विषयवस्तुहरु समावेश गरी पाठ्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिसकेको छ । त्यस्तै नेपालको अन्तरिम संविधान वि.स.२०६३ लगायत स्थानीय स्वयत्त शासन ऐनमा स्थानीय निकायलाई आवश्यक जिम्मेवारी र अधिकार प्रदान गरी संस्थागत गर्न र जवाफदेही बनाउन खोजिएको देखिन्छ । यसै तथ्यलाई मूर्तरुप दिन राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि स्थानीय आवश्यकतामा आधारीत शिक्षालाई औपचारीक विद्यालय शिक्षामा समाहित गर्न खोजेको देखिन्छ ।

यसरी एकातिर स्थानीय निकायलाई नै सशक्त बनाउनको लागि विभिन्न अधिकारहरु प्रदान गर्ने प्रावधानहरु मार्फत स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेट्ने, स्थानीयतालाई सम्बोधन हुने पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने लक्ष्यहरु राखेर अगाढि बढेको भए तापनि निर्दिष्ट गरिए अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुन नसकेको एवं व्यवस्थित गर्नको लागि सम्बन्धित् पक्ष र निकायहरुले बेवास्ता गरेकोले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको प्रक्रिया मात्र औपचारीक प्रावधानमा सीमित रहेको जनगुनासो पनि यदाकदा सुनिन्छ । तसर्थ यस अध्ययनमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धि निम्न प्रश्नहरुको जवाफ खोज्ने प्रयाश गरिएको थियो ।

) स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा को को संलग्न हुन्छन् ?

- निर्देशिकाले निर्दिष्ट गरे अनुसार स्थानीय पाठ्यक्रम निर्माण भएको छ कि छैन ?
- स्थानीय पाठ्यक्रम निर्दिष्ट गरे अनुसार निर्माण हुन नसक्नुका कारणहरु के के छन् ?
- पाठ्यक्रमको निर्माणमा कुन कुन पक्षको कमीकमजोरी रहेको छ ?
- ती कमीकमजोरीहरुलाई न्यूनीकरण गर्न कुनकुन निकायहरुले के कस्ता पहल गरेका छन् ?
- स्थानीय पाठ्यक्रमको कार्यान्वयनको लागि के कस्ता प्रयाशहरु भए ?
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका कठिनाइहरु के के छन् ?
- पाठ्यक्रम निर्माण र कार्यान्वयन भए नभएको निरीक्षणको व्यवस्था गरिएको छ की छैन ?

उपरोक्त प्रश्नहरुको बारेमा आवश्यक जानकारी एवं जवाफ खोज्नका लागि यस अध्ययनको शिर्षक "स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अवस्था" राखिएको थियो ।

## १.३ अध्ययनको औचित्य :

केन्द्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता, चाहना लगायत विभिन्न विविधताहरुलाई समेट्न नसकेको देखिन्छ । तसर्थ स्थानीय आवश्यकता, चाहना लगायत विभिन्न क्षेत्रका विविधताहरुलाई समावेश गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अधिकार स्थानीय निकायलाई प्रदान गरेको देखिन्छ । स्थानीय निकायलाई अधिकारमात्र दिइएको तर स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुन नसकेको कुराहरु पनि पत्रपत्रिका मार्फत बाहिर आएको पाइन्छ । कतै प्राविधिक ज्ञानको अभावले स्थानीय पाठ्यक्रम निर्माण गर्न नसकिएको सम्बन्धित पक्षको गुनासो छ भने कतै स्थानीय पाठ्यक्रमको स्थान ऐ. अंग्रेजी विषयले लिएको पनि पाइन्छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि जिम्मेबार संयन्त्रको पनि अभाव महशुस हुन्छ । पाठ्यक्रम निर्माण

भएको छ की छैन ? के कस्ता समस्याहरु आएका छन् ? कार्यान्वयनका कठिनाइहरु के के छन ? आदि विविध पक्षको निरीक्षण, अनुमगनको व्यवस्था भएको पाइदैन । सरोकारवाला पक्षहरु प्र.अ., शिक्षक, विद्यलाय व्यवस्थापन समिति, शिक्षकअभिभावक संघ एवं श्रोतकेन्द्रको बीचमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको सन्दर्भमा आवश्यक छलफल, अन्तर्क्रिया एवं समन्वयको पनि अभाव रहेको सुन्नमा आएको छ ।

वास्तवमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि सरोकारवाला पक्षहरु गम्भीरताका साथ आ-आफ्नो जिम्मेबारी प्रति सचेत नहुने र सम्बन्धित पक्षलाई सचेत नगराउने हो भने यस्तै रुपले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको स्थिति चल्दै जाने हो भने देशको शैक्षिक भविष्य अन्योल नहोला भन्न सकिन्न । एकातिर केन्द्रिय स्तरबाट स्थानीय स्तरलाई पाठ्यक्रम निर्माण र कार्यान्वयनको जिम्मेबारी सुम्पेर स्थानीय निकायलाई सशक्त र सबल बनाउन खोजिएको छ भने अर्कोतिर सो कार्य गर्ने र गराउने संयन्त्रको अभावले सो कार्य अस्तव्यस्त भएको देखिन्छ । यस्तै अस्तव्यस्तता नै रहीरहने हो भने राष्ट्रको लागि आवश्यक दक्ष जनशक्ति उत्पान गर्ने  लक्ष्य केवल कोरा कल्पना मात्र नहोला भन्न सकिन्न ।

तसर्थ यस शोधकार्यबाट निम्न व्यक्ति तथा निकायहरुलाई निम्न फाइदा पुग्ने सोच राखिएको थियो :

- स्थानीय व्यक्ति तथा निकायहरु पाठ्यक्रम निर्माणको लागि विषयवस्तु छनौट प्रक्रियाको छलफलमा प्रत्यक्ष सहभागी हुने भएकोले उनीहरुलाई पाठ्यक्रम निर्माणको बारेमा जानकारी हासिल हुने ।
- पाठ्यक्रममा स्थानीय विषयवस्तुहरु समावेश हुने भएकोले बालबालिकाहरुले आफुले देखेको, जानेको, स्थानीय विषयवस्तुहरु कक्षाकोठामा पढ्न पाउँने भएकोले उनीहरुलाई पठनपाठनको लागि सरल र सहज हुने ।
- विद्यालय आफैले स्थानीय पाठ्यक्रम निर्माणको अगुवाइ गर्ने भएकोले प्र.अ. तथा शिक्षकहरुलाई स्थानीय पाठ्यक्रम निर्माण गर्ने सीप हासिल हुने ।

- सम्बन्धित विद्यालय तथा स्रोतकेन्द्रहरुले आफ्नो आवश्यकता अनुसारको विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने अवसर प्राप्त हुने ।
- पाठ्यक्रममा स्थानीय समुदायकै महत्त्वका विषयवस्तुहरु समावेश हुने भएकोले विद्यालय र समुदायको सम्बन्ध सुदृढ बनाउन सघाउ पुग्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा आफै समावेश हुने भएकोले पाठ्यक्रम निर्माणकर्ताहरु र पाठ्यक्रमसँग सम्बन्धित निकायहरुलाई कार्यान्वयनमा देखिने समस्यहरुको पहिचान गर्न सघाउ पुग्ने ।
- स्थानीय विषयवस्तुहरुको बारेमा पढाउन सम्बन्धित क्षेत्रमा प्रकृतिक रुपमा यर्थाय र प्रत्यक्ष विषयवस्तुको अवलोकन र अध्ययन गर्न पाउने भएकोले विद्यार्थी एवं शिक्षकहरुलाई प्रभावकारी सिकाइको लागि सघाउ पुग्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा शिक्षकहरु आफै सहभागी हुने र कार्यान्वयन पनि आफूहरुले नै गर्ने भएकोले पाठ्यक्रम निर्माण र कार्यान्वयनमा हुने कमीकमजोरीको बारेमा अनुभव प्राप्त गरिसकेपछि पाठ्यक्रम परिमार्जनको लागि वा नयाँ पाठ्यक्रम निर्माण गर्नको लागि सघाउ पुग्ने ।

## १.४ अनुसन्धान प्रश्नहरु :

**यस** अध्ययनमा निम्न प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको थियो :

- स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा को को सहभागि हुन्छन् ?
- स्थानीय पाठ्यक्रम निर्माणका प्रक्रियाहरु के के छन् ?
- स्थानीय पाठ्यक्रमको लागि विषयवस्तुको छनौट कसरी गरिन्छ ?
- स्थानीय पाठ्यक्रम निर्माणको बारेमा सरोकारवालाहरुको धारणा के रहेको छ ?
- स्थानीय पाठ्यक्रम कार्यान्वयनका प्रक्रियाहरु के के छन् ?
- स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि जिम्मेवार व्यक्ति तथा निकायहरु कुन कुन छन ?
- स्थानीय पाठ्यक्रम निर्माणमा देखापरेका समस्याहरु के के छन् ?

- स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखापरेका समस्याहरु के के छन् ?
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखा परेका समस्या समाधानका उपायहरु के के हुन सक्छन ?

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार चयन गरिएका थिए :

- निर्देशिकाले निर्दिष्ट स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था पहिचान गर्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखापरेका समस्याहरु र समाधानका उपायहरु पहिचान गर्नु ।

## १.६ अध्ययनको परिसीमाहरु :

यो अध्ययन सिन्धुली जिल्लाको मझुवा गा.वि.स.अन्तर्गत पर्ने ५ ओटा सामुदायिक विद्यालयहरुको प्राथमिक तहमा मात्र सिमीत गरिएको थियो । यस अध्ययन मूलतः छनौटमा परेका विद्यालयहरुको प्राथमिक तह (कक्षा १-५) को सामाजिक अध्ययन विषयमा स्थानीय तहबाट निर्माण हुने २० प्रतिशत पाठ्यक्रम अन्तर्गत स्थानीय धार्मिक स्थलहरु र स्थानीय चाडपर्वहरुसँग मात्र सम्बन्धित रहेर पुरा गरिएको थियो ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले अध्ययन गर्न खोजिएको विषयवस्तुसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरी तिनीहरुलाई तथ्यपूर्ण र सिलसिलेवार मिलाई प्रस्तुत गर्नु हो । अनुसन्धान नयाँहोस्, नदोहोरियोस् भन्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ । यसले अध्ययनकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत सहयोग पुऱ्याउँदछ । यस अध्ययनको क्रममा केही साहित्य, अनुसन्धानसँग सम्बन्धित विभिन्न लेख तथा कृतिहरु एवं पत्रपत्रिकाहरुको सहयोग लिई सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको थियो ।

## २.१ सम्बन्धित सैद्धान्तिक साहित्यको समिक्षा

यस शोध कार्यको लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा अध्ययनसँग मिल्दो जुल्दो केही साहित्यहरूको पुनरावलोकन गरिएको थियो ।

प्राथमिक शिक्षा पाठ्यक्रम परिमार्जित (२०६२) ले विकेन्द्रीकरणको अवधारणा अनुरुप स्थानीय तहलाई अधिकार प्रदान गरी स्थानीय तहलाई सक्षम, सबल र जवाफदेही बनाउने कुरा उल्लेख गरिएको छ । त्यस्तै स्थानीय विषयको पाठ्यक्रम निर्माण निर्देशिकाले पनि स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थनीय पाठ्यक्रम हो भनी स्पष्ट किटान गरेको छ । यी प्रावधानहरु एवं अवधारणाहरुले वास्तवमै स्थानीय आवश्यकतालाई सम्बोधन गरी स्थानीय निकायलाई नै पाठ्यक्रम निर्माण देखि कार्यान्वयनको जिम्मेवारी सुम्पेको कुरामा विशेष जोड दिएको हो भन्न सकिन्छ ।

त्यस्तै उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग वि.स. २०५५को प्रतिवेदनमा सरकारले प्राथमिक शिक्षालाई गुणस्तरीय, व्यवहारिक र सर्वसुलभ बनाउने कुरामा विशेष जोड दिएको छ ।

खासगरी शिक्षालाई गुणस्तरीय, व्यवहारिक र बालकेन्द्रित बनाउनको लागि पाठ्यक्रम निर्माण प्रक्रिया नै बालकेन्द्रित हुन जरुरी छ । बालकेन्द्रित भन्ने वितिकै त्यो पाठ्यक्रममा बालकको बालशुलभपन, उसको क्रियाकलाप, उसको क्रियाकलापलाई निर्धारण गर्ने ऊ हुर्केको समाज, सामाजिक साँस्कृतिक वातावरण, भेषभूषा लगायत विविध परिवेश प्रतिविम्वित हुन जरुरी हुन्छ । कुनै पनि सिकाइ प्रक्रिया त्यतिखेर बालमैत्री साथै बालकको वातावरणमैत्री हुन्छ जति खेर ती सम्पूर्ण पक्षहरुलाई पाठ्यक्रममा समावेश गरिन्छ । अतः यो अवधारणालाई साकाररुप दिनुको विकल्प भनेको स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्नु र कार्यान्वयन गर्नु हो । यसले पनि स्पष्टरुपमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको टड्कारो आवश्यकतामा जोड दिन्छ ।

> *नेपालको अन्तरिम संविधान (वि.स.२०६३) मा-प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भनि धारा १७ को शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा उल्लेख गरिएको छ । त्यस्तै सोही धारा १७ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्धन गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ(नेपालको अन्तरिम संविधान वि.स.२०६३) ।*

नेपालको अन्तरिम संविधान वि.स.२०६३ को उपरोक्त मर्मलाई बुझेर त्यसलाई कार्यान्वयनमा ल्याउनको लागि स्थानीय स्तरमा रहेको विभिन्न खालको जातिय, भाषिक, साँस्कृतिक आदि विविधताहरुको अध्ययन र अन्वेषण गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जोड दिनु पर्ने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप वि.स.२०६३ ले स्थानीय पाठ्यक्रममा सामान्य पथ प्रदर्शनका सिद्धान्तहरु तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने तथा केन्द्रीय पाठ्यक्रमको संरचनाको आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनौटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने लगायत केन्द्रिय निकायबाट व्यवस्थापन गरिएका विषयवस्तुलाई शिक्षणसिकाइ क्रियाकलापका माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने र स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी

परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्नेकुार उल्लेख गरेको छ ।

यो व्यवस्थाले पनि स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै स्थानीयताको सम्बोधन हुनेखालको र शिक्षामा अपनत्वको भावना अभिवृद्धि गर्ने गरी स्थानीय विषयवस्तुहरु शिक्षण सिकाइको माध्यमबाट समावेश गर्ने भन्नुको तात्पर्य नै वास्तवमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन स्थानीय स्तरबाट गर्नु पर्ने कुरामा विशेष जोड दिनु हो ।

सबैका लागि शिक्षा सन् (२००४-२००९)को मुख्य दस्तावेजमा आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायहरु लगायत सबै बालबालिकाहरुको सिकाइ आवश्यकताहरुको परिपूर्ति का लागि विद्यालय पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिने खालको र यसलाई बालबालिकाहरुको दैनिक जीवनसँग बढी सान्दर्भिक गराउने खालको पाठ्यक्रमको परिकल्पना भनेकै स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्त्वमा जोड दिनु हो ।

प्राथमिक शिक्षा पाठ्यक्रम वि.स. २०६२ र वि.स.२०६५ ले सामाजिक अध्ययन, सिर्जनात्मक कला तथा शारीरिक क्रियाकलाप विषयको २० प्रतिशत र अतिरिक्त १०० पूर्णाङ्कको स्थानीय परिवेशअनुसार मातृभाषा वा स्थानीय विषयको पाठ्यक्रम विद्यालय आफैले निर्माण गर्ने प्रावधान गरिसकेको छ ।

यो व्यवस्थालाई कार्यरुप दिनको लागि पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका मार्फत जिल्ला शिक्षा कार्यालयहरु अन्तर्गतका विभिन्न स्रोतकेन्द्रहरुलाई आफ्नो क्षेत्र भित्रका हरेक विद्यालयको शिक्षकहरुको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको लागि सचेतीकरण एवं प्रवोधीकरण गर्ने कार्य सम्पन्न गरिसकेको परिवेश देखिन्छ । पाठ्यक्रम विकास केन्द्रको यो प्रयासले पनि स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न थप सघाउ पुगेको देखिन्छ ।

*पाठ्यक्रम विकास केन्द्रले बहुभाषिक शिक्षा कार्यक्रम अन्तर्गत फिनल्याण्ड सरकारको प्राविधिक सहयोगमा सन् २००७ देखि आठवटा मातृभाषा-रानाथारु,*

*मगर, तामाङ, आठपरिया, उराव, पूर्वीयाथारु, सन्थाली र राजवंशी भाषामा स्थानीयस्तरमा नै पाठ्यसामग्री तयार गरी ती भाषाको माध्यममा पठनपाठन भइरहेको कुरा तामाङले उल्लेख गरेका छन् (योन्जन, तामाङ, २००६)।*

बहुभाषिक शिक्षा अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको प्रस्तुत प्रयासले वास्तवमै स्थानीय स्तरमा पाठ्यक्रम निर्माण एवं कार्यान्वयन गर्ने प्रक्रियालाई प्रमुख महत्त्वकासाथ जोड दिएको देखिन्छ । स्थानीय स्तरमा पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियाको यो उदाहरणले अझ स्थानीय विद्यालयहरुलाई थप उर्जा प्रदान गरेको छ भन्न सकिन्छ ।

शिक्षक मासिक, जेठ २०६८ मा बाबुराम विश्वकर्मा र चेतन अधिकारीका रिपोर्ट अनुसार पशुपति मा.वि.बाहुनडाँगीले स्थानीय पाठ्यक्रमको कार्यान्वयन गरी राम्रा मकै फलाएका छन् । प्रतिवेदन अनुसार पशुपति मा.वि.मा प्राथमिक तह देखि मा.वि. तहसम्म स्थानीय पाठ्यक्रम अन्तर्गत "मकै तथा तरकारी खेती" लगाउन सिकाउने विधि अध्ययन अध्यापन गराउदै आएको कुरा उल्लेख गरिएको छ ।

पशुपति मा.वि. बाहुनडाँगीको यो सफलताले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको ज्वलन्त उदाहरण पेश गरेको देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा :

कुनै पनि अनुसन्धान कार्य गर्दा निश्चित सिद्धान्तलाई आधार मानेर अगाडि बढाउनु पर्ने हुन्छ । त्यसैले यस अध्ययनलाई पनि केही सिद्धान्तहरुको आधारमा अगाडि बढाइएको थियो ।

*प्रगतिवादका अनुसार वालकले आफ्नो वातावरण अनुसार जीवनमा सिक्ने सिकाइको छनोट गर्न पाउनुपर्दछ र उसलाई आफ्नो जीवन आफैं अगाडि बढाउने स्वतन्त्रता हुनुपर्दछ (शर्मा, २०६२)।*

प्रगतिवादको यो सिद्धान्तलाई हेर्दा बालकलाई पढाउने भन्दा पनि बालक आफै पढ्न तयार हुने किसिमले उसको आफ्नो वातावरण अनुरुपको विषयवस्तु छनौट गर्ने स्वतन्त्रता उसलाई दिनुपर्ने बुझिन्छ ।

प्रगतीवादले विद्यालयको पाठ्यक्रम समाजअनुकुल, वातावरणअनुकुल, आवश्यकताको परिपूर्ति गर्न सक्ने, विद्यार्थीको चाखमा आधारित, उपयोगी र व्यवहारिक हुनुपर्दछ भन्न वकालत गर्दछ । यो अवधारणा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणासँग निकट देखिन्छ ।

*संरचनावादी शैक्षिक दर्शनले परम्परावादी पाठ्यक्रम, शिक्षण विधि, शैक्षिक प्रक्रिया र मान्यताको विरोध गर्दछ । यस दर्शनले मूलतः बालकेन्द्रित शिक्षण विधिमा जोड दिदैं बालकको ज्ञान, क्षमता, सीप, औकात मूल्य र गतिको आफ्नै परिवेश अनुसार सिक्ने वातावरण बनाइदिने पाठ्यक्रम निर्माणमा जोडदिन्छ (तिमिल्सिना, २०६७)।*

संरचनावादको उपर्युक्त अवधारणाले पनि स्पष्टरुपमा पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रिया बालकलाई केन्दविन्दुमा राख्दै उसको आफ्नै परिवेश अनुसार निर्माण गर्नुपर्ने कुरमा जोड दिएको पाइन्छ ।

त्यस्तै अस्तित्ववादीहरु पनि पाठ्यक्रमको केन्द्रविन्दु बालकहुनुपर्ने कुराको वकालत गर्दछन् । उनीहरुको अनुसार पाठ्यक्रम निर्माणमा शिक्षक र विद्यार्थीको समान भूमिका रहनुपर्ने बताउँछन् भने पाठ्यक्रम पूर्वनिर्धारित र पूर्वनिर्मित रुपमा विद्यार्थीहरुमा लादिनु हुँदैन भन्दछन् ।

*"भिगोस्कीले सामाजिक सिकाइ सिद्धान्तमा कुनै पनि व्यक्तिको सिकाइ प्रक्रिया बाहिरी वा सामाजिक वातावरणबाट प्रत्यक्षरुपमा प्रभावित हुने कुरा बताएका छन् । उनको अनुसार सिकाइ बाहिरबाट भित्रतर्फ* **(Outward to inward)** *अर्थात समाजबाट व्यक्तिमा हुन्छ अथवा सामाजिक अन्तरबस्तुहरुसँगको अन्तरक्रियाबाट मात्र व्यक्तिले सिकाइ हासिल गर्दछ भनेका छन् ( शर्मा, २०६७) ।"*

खासगरी सामाजिक विषय अन्तर्गत निर्माण गरिने स्थानीय पाठ्यक्रम निर्माणको उपाक्रम पनि वास्तवमा बालक हुर्केको, उसले जन्मँदा देखि नै अनुभव गरेको, देखेको, परिचित, जानेको सुनेको कुराहरुलाई अर्थात उसको सामाजिक सेरोफेरोको विभिन्न पक्षलाई समावेश गरि निर्माण गरिने र कार्यान्वयन गरिने भएकोले उसको सिकाइ समाजबाट प्रत्यक्ष प्रभावित हुन्छ भन्ने मान्यता यहाँ झल्किन्छ ।

त्यसैले प्रभावकारी एवं बालमैत्री तथा ऊ जन्मेको बातावरणमैत्री पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न अवाश्यक छ भन्ने मान्यता अनुरुप नै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणा अगाडि आएको देखिन्छ । यो अवधारणाको सम्बन्ध भिगोस्कीको सामाजिक सिकाइ सिद्धान्तको नजिक देखिन्छ । तसर्थ यस अध्ययनलाई भिगोस्कीको सामाजिक सिकाइ सिद्धान्तसँग जोडेर हेर्न सकिन्छ ।

त्यस्तै सरलबाट जटिलतिर शिक्षण गर्नुपर्दछ भन्ने सिद्धान्तसँग पनि यो अध्ययनलाई सम्बन्धित गराएर अध्ययन गरिएको थियो । कुनै पनि बालबालिकालाई कुनै विषयवस्तुको अवधारणा बसाउन सर्वप्रथम उसले सजिलो मान्ने, उसको दृष्टिमा सरल हुने खालको विषयलाई आधार मानेर शिक्षण गरेमा त्यो सिकाइ प्रभावकारी हुन सक्दछ ।

सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा (रेग्मी, २०६८) "प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था" भन्ने अप्रकाशित शोधपत्रको पनि अध्ययन गरिएको थियो । सो शोध सुर्खेत जिल्लाको जीवनज्योति मा.वि.को प्राथमिक तहको १०० पूणाङ्कको स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयनमा केन्द्रित भएर गरिएको थियो । सो शोधले स्थानीय सरोकारवालाहरुको जनचेतनाको कमीले स्थानीय पाठ्यक्रम कार्यान्वयन पक्ष प्रभावकारी नदेखिएको निष्कर्ष निकालेको पाइयो ।

यसबाट के बुझिन्छ भने स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनको लागि स्थानीय व्यक्तिहरुको चेतनाको स्तरले पनि प्रत्यक्ष प्रभाव पर्ने भएकोले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नको लागि स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको बारेमा सचेतना एवं अभिमूखिकरण तालिम गराउनुपर्ने देखिन्छ ।


उपरोक्त सम्बन्धित साहित्यहरुको पुनरावलोकनबाट के देखिन्छ भने हाल सम्मको स्थानीय पाठ्यक्रम सम्बन्धि शोध एवं अध्ययन कार्य १०० पूर्णाङ्कको स्थानीय विषयर्मा केन्द्रित गरेको देखिन्छ ।

तर यस अध्ययन भने कक्षा (१-५)को सामाजिक विषय अर्न्तगत स्थानीय तहबाट समावेश गरिने २० % स्थानीय स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा केन्द्रित भएर गरिएको थियो ।

## २.३ अवधारणात्मक ढाँचा :

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया अन्तर्गत सर्वप्रथम आवश्यकताको पहिचान गरिन्छ । त्यसपछि उद्देश्य निर्धारण गरिन्छ । ती उद्देश्यहरु पूरा गर्नको लागि आवश्यक पर्ने विषयवस्तुको छनौट गरिन्छ । विषयवस्तुको छनौटको लागि सम्बन्धित क्षेत्रका शिक्षक, अभिभावक, स्थानीय बुद्धिजिवि, संघसंस्थाका प्रतिनिधिहरु, उद्योगी, व्यापरी आदि सरोकारवालावालाहरुको सहभागितामा आवश्यक छलफल गरी विषयवस्तुको छनौट गरिन्छ । छनौट गरिएका विषयवस्तुहरुको प्राथमिकीकरण गरिन्छ र प्रयोगात्मक कार्य, छलफल, क्षेत्र भ्रमण र योजनाकार्यहरु मार्फत पठनपाठन सञ्चालन गरी पाठ्यक्रमको कार्यान्वयन गरिन्छ । यसलाई अवधारणात्मक ढाँचाको रुपमा निम्न अनुसार देखाइन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणात्मक ढाँचा




स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको माथि प्रस्तुत अवधारणात्मक ढाँचा अनुरुप यस अध्ययनमा सामाजिक विषयको २० % स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रिया अन्तर्गत निम्न पक्षहरुको अध्ययन गर्न खोजीएको थियो ।

पाठ्यक्रम निर्माण अन्तर्गत : क) २० % स्थानीय विषयवस्तुको छनौट प्रक्रिया

ख) छनौट प्रक्रियामा देखिएका समस्याहरु

पाठ्यक्रम कार्यान्वयन अन्तर्गत : क) कक्षा शिक्षण र यसमा देखा परेका समस्याहरु

यस अध्ययनको अवधारणात्मक ढाँचालाई निम्न अनुसार देखाइएको छ :



# परिच्छेद तीन
# अध्ययन विधि

## ३.१ अध्ययन विधि :

कुनै पनि अनुसन्धानलाई सम्पन्न गर्ने तरिका वा कार्यात्मक पक्षलाई अनुसन्धान विधि भनिन्छ । यस अध्ययनको उद्देश्य पुरा गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था अध्ययन गर्ने सन्दर्भमा विश्लेषणात्मक र व्याख्यान विधि प्रयोग गरी अध्ययन गरिएको थियो ।

## ३.२ अनुसन्धान ढाँचाः

अध्ययनको क्रममा अनुसन्धाननकर्ता सम्बन्धित क्षेत्रमा पुगी स्थानीय विषयको पाठ्यक्रम निर्माण प्रक्रियाहरु, विषवस्तुको छनौट, सरोकारवालाहरुको सहभागिता, स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, विद्यार्थीहरुको क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, शैक्षिक सामग्रीको प्रयोग, समुदायको वातावरण लगायत स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरुको बारेमा तथ्याङ्क संकलन गर्ने प्रयत्न गरिएको थियो । संकलित तथ्याङ्कहरुलाई पाठ्यक्रम निर्माण पक्षको अलग र कार्यान्वयन पक्षको अलग गरी शाब्दिक रुपमा तर्क प्रयोग गरी विश्लेषण र व्याख्या गरिएको थियो ।

अध्ययन ढाँचालाई स्पष्ट पार्न निम्न तालिकामा देखाइएको छ : :

| क्र.स. | अध्ययनका उद्देश्यहरु | तथ्याङकका स्रोतहरु | साधनहरु |
|---|---|---|---|
| १ | निर्देशिकाले निर्दिष्ट स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन को अवस्था पहिचान गर्नु । | प्र.अ.,शिक्षकहरु<br>वि.व्य.स.अध्यक्ष,<br>स्रोतव्यक्ति,<br>अभिभावकहरु | खुला प्रश्नावली<br>अन्तर्वार्ता सूची<br>समूह छलफल<br>कक्षा अवलोकन |
| २ | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखापरेका समस्याहरु पहिचान गर्नु । | प्र.अ.,शिक्षकहरु<br>वि.व्य.स.अध्यक्ष,<br>स्रोतव्यक्ति,<br>अभिभावकहरु | खुला प्रश्नावली<br>अन्तर्वार्ता सूची<br>समूह छलफल<br>कक्षा अवलोकन |

### ३.३ नमूना छनौट

हरेक खालको अध्ययनको लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्कहरु संकलन गरी विश्लेषण र व्याख्यन गर्नको लागि नमूना छनौट आवश्यकता पर्दछ । तसर्थ यस अध्ययनको लागि निम्न अनुसार नमूना छनौट गरिएको थियो :

#### ३.३.१ विद्यालयको छनौट

यस अध्ययनको लागि सिन्धुली जिल्ला अन्तर्गत मझुवा गा.वि.स. भित्रका ८ ओटा विद्यालयहरु मध्ये अध्ययनकर्ताको सहजताको आधारमा श्री गाणेश उच्च माध्यमिक विद्यालय मझुवाको प्राथमिक तह, श्री भूमेश्वर प्रा.वि. नागी ४, श्री पञ्चकन्या प्रा.वि.चालिसे, श्री विमला प्रा.वि.गैरीगाउँ र श्री जलकन्या प्रा.वि.डाँडागाउँ गरी जम्मा पाँचवटा विद्यालयहरु छनौट गरिएको थियो । *(अनुसूची ८)*

#### ३.३.२ प्रधानाध्यापक र शिक्षकहरुको छनौट

अध्ययनका लागि छनौटमा परेका विद्यालयहरुको प्र.अ., सामाजिक विषय अध्यापन गराउने विषय शिक्षकहरु स्वतः छनौट गरिएको थियो । छनौटमा परेका प्र.अ. र विषय शिक्षकबाट खुला प्रश्नावली मार्फत स्थानीय पाठ्यक्रमको निर्माण र त्यसको कार्यान्वयन सम्बन्धि आवश्यक पर्ने सूचनाहरु संकलन गरिएको थियो । *(अनुसूची ९)*

#### ३.३.३ विद्यार्थीहरुको छनौट

नमूनाको लागि छनौट गरिएका प्रत्येक विद्यालयको प्रत्येक कक्षाहरुबाट चिठ्टा पद्धतिद्वारा एकजना पर्ने गरी प्रत्येक विद्यालयबाट जम्मा ५ जनाको दरले पाँचवटा विद्यालयहरुबाट जम्मा २५ जना विद्यार्थीहरु समूहछलफलको लागि लागि छनौट गरिएको थियो । *(अनुसूची ६)*

#### ३.३.४ अभिभावकहरुको छनौट

नमूना छनौटमा परेका विद्यालयका अभिभावकहरुको छनौट गर्दा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुको अभिभावकहरु सुविधाजनक नमूना छनौटको आधारमा प्रत्येक विद्यालय रहेको क्षेत्रबाट ३ जनाको दरले जम्मा १५ जना छनौट गरी

खुला अन्तर्वार्तामा सहभागी गराइ स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धी  सुचना संकलन गरिएको थियो । *(अनुसूची १०)*

### ३.३.५ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र स्रोत व्यक्तिको छनौट

यस अध्ययनको लागि आवश्यक पर्ने सूचना तथा जानकारी संकलनको लागि छनौटमा परेका प्रत्येक विद्यालयहरुका अध्यक्षहरु एवं स्रोत व्यक्तिसँग अध्ययनकर्ताले प्रत्यक्षरुपमा भेटी अन्तर्वार्ता लिइएको थियो ।

## ३.४ अध्ययनको लागि साधनहरुको निर्माण

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नको लागि निम्न साधनहरुको निर्माण र प्रयोग गरिएको थियो :

### ३.४.१ खुला प्रश्नावली

नमूना छनौटमा परेका प्रधानाध्यापक तथा विषय शिक्षकहरुको लागि स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धि खुला प्रश्नावली निर्माण गरी अध्ययनका लागि आवश्यक सूचना संकलन गरिएको थियो । *(अनुसूची २ र ३)*

### ३.४.२ अन्तर्वार्ता निर्देशिका

अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नको लागि वि.व्य.स.का अध्यक्ष र अभिभावकहरुसँग स्थानीय पाठ्यक्रमको लागि विषयवस्तु छनौट र पठनपाठन सम्बन्धि खुला अन्तर्वार्ता लिइएको थियो । *(अनुसूची ४ र ५)*

### ३.४.३ समूह छलफल निर्देशिका

नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरुबाट स्थानीय विषयको शिक्षण प्रक्रियाको बारेमा आवश्यक तथ्याङक संकलनको लागि समूह छलफल निर्देशिकाको प्रयोग गरिएको थियो । सबै विद्यार्थीहरुबाट एकैसाथ सूचना संकलन गर्न कठिन हुन भएकोले समूह छलफलको प्रयोग गरिएको थियो ।

### ३.४.४ कक्षा अवलोकन फारम

नमूना छनौटमा परेका विद्यालयमा स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययनका लागि कक्षा अवलोकन फारमको प्रयोग गरिएको थियो । सो

फारमको माध्यमबाट कक्षा शिक्षणको तयारी, सामग्री निर्माण र प्रयोग, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन आदिबारे आवश्यक सूचना संकलन गरिएको थियो । *(अनुसूची ७)*

## ३.५ साधनको बैधता निर्धारण

यस अध्ययनको लागि प्रयोग गरिएको खुला प्रश्नावली, समूह छलफल निर्देशिका, अन्तर्वार्ता प्रश्नहरु, अवलोकन फारम शोध निर्देशक ज्यू र अन्य गुरुवर्गहरुसँग आवश्यक छलफल गरी परिमार्जन गरेर साधनको बैधता निर्धारण गरिएको थियो ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न अध्ययनकर्ता स्वयम सम्बन्धित क्षेत्रमा गई सूचना संकलन कार्य गरिएको थियो । सो कार्यको लागि सर्वप्रथम सम्बन्धित विद्यालयको प्र.अ.सँग सम्पर्क कायम गरी अध्ययनको उद्देश्यको बारेमा बताइएको थियो । साथै अध्ययनको लागि विद्यालयबाट आवश्यक पर्ने सहयोगको लागि अनुरोध गरी प्र.अ.को अनुमति लिई ती विद्यालयहरुका शिक्षकहरुसँग सम्पर्क कायम गरी प्रश्नावली भराइएको थियो । त्यस्तै छनौटमा परेका विद्यालयका विद्यार्थीहरुलाई समूह छलफलका लागि सहभागी गराइएको थियो र प्र.अ.को अनुमति लिई कक्षा अवलोकन गरिएको थियो । त्यस्तै वि.व्य.स.का अध्यक्ष एवं अभिभावकहरुसँग भेटगरी अन्तवार्ता लिइएको थियो भने स्रोतव्यक्तिसँग सम्पर्क कायम गरी प्रत्यक्ष भेटगरी प्रनावली भराइएको थियो । साथै स्रोत व्यक्तिबाट स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको बारेमा आवश्यक सल्लाह र परामर्श लिइएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङक विश्लेषणको क्रममा सर्वप्रथम स्रोतव्यक्तिबाट स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया तथा त्यसको कार्यान्वयन प्रक्रिया बारे प्राप्त सुचना तथा जानकारीहरुको विश्लेषण गर्ने कार्य गरियो भने त्यसपछि क्रमशः सम्बन्धित विद्यालयका प्र.अ.तथा विषय शिक्षकहरु, वि.व्या.का अध्यक्ष, अभिभावकहरुबाट प्राप्त सूचना तथा जानकारीको विश्लेषण गरियो भने अन्तिम चरणमा विद्यार्थीहरुसँगको समूहछलफलबाट प्राप्त जानकारीहरुको बारेमा विश्लेषण गरी ब्याख्या गरियो ।

# परिच्छेद चार

# तथ्याङ्क विश्लेषण र व्याख्या

यस अध्ययनमा तथ्याङ्क संकलनका विभिन्न साधनहरु प्रयोग गरी संकलन गरिएका तथ्याङ्कहरुलाई व्याख्या एवं विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस अध्ययनमा सिन्धुली जिल्लाको मझुवा गा.वि.स.अन्तर्गतको अध्ययनकर्ताको सहजताको आधारमा श्री गणेश उ.मा.वि. मझुवा (प्राथमिक तह), विमला प्रा.वि.गरीगाउँ, जलकन्या प्रा.वि.डाँडागाउँ, भूमेश्वर नि.मा.वि.नागी (प्राथमिक तह) र पञ्चकन्या प्रा.वि.चालिसे गरी पाँचवटा विद्यालयहरु छनौट गरिएको थियो । छनौट गरिएका विद्यालयहरुमा वि.स.२०६५ साल देखि सामाजिक विषय अन्तर्गत २० प्रतिशत स्थानीय पाठ्यक्रमको विषवस्तुको रुपमा “धार्मिक स्थलहरु र चाडपवहर्रु” पठनपाठन गर्दै आएको पाइयो । सो विद्यालयहरुबाट प्राप्त सुचना तथा जानकारीहरुलाई निम्नानुसार विश्लेषण तथा व्याख्या गरी प्रस्तुत गरिएको छ :

## ४.१ स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

यस शोधकार्यको लागि छनौट गरिएका विद्यालयहरुमा सामाजिक विषयको २० प्रतिशत स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको अध्ययन गर्न प्रधानाध्यपक, स्थानीय विषय पढाउने शिक्षक, वि.व्या.स. अध्यक्ष, स्रोत व्यक्ति र अभिभावकहरुकाट प्रश्नावली र अन्तर्वार्ता मार्फत संकलित तथ्याङहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

सामाजिक विषयको २० प्रतिशत स्थानीय पाठ्यक्रमकको निर्माण प्रक्रियामा संलग्न व्यक्तिहरु र विषयवस्तु छनौट प्रक्रियाको बारेमा स्रोतव्यक्तिसँगको खुला अन्तर्वार्ता र सम्बन्धित विद्यालयको प्रधानाध्यपकसँग भराइएको खुला प्रश्नावली एवं अभिभावकहरुसँगको खुला अन्तर्वार्तामा निम्न लिखित सूचना तथा जानकारीहरु प्राप्त भयो : स्रोतव्यक्तिका अनुसार शैक्षिक वि.स.२०६५ साल देखि स्रोतकेन्द्र भित्रका सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागु भएको जानकारी गराए । त्यस्तै स्रोतकेन्द्र भित्रका श्री गणेश उ.मा.वि. मझुवा, विमला प्रा.वि.गैरीगाउँ, जलकन्या

प्रा.वि.डाँडागाउँ, भूमेश्वर नि.मा.वि.नागी र पञ्चकन्या प्रा.वि.चालिसे गरी पाँचवटा विद्यालयहरुमा सामाजिक विषयको २० प्रतिशत स्थानीय विषयवस्तु समावेश गरी पाठ्यक्रम निर्माण गरी कार्यान्वयन भइरहेको अवगत गराए ।

स्रोत व्यक्ति, प्र.अ. र अभिभावकहरुको अनुसार स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा निम्न व्यक्तिहरु संलग्न रहेको बताएका थिए :

स्थानीय पाठ्यक्रम निर्माणमा संलग्न व्यक्तिहरुको संकलित विवरण

| विद्यालय तहबाट | स्रोतकेन्द्र तहबाट | जिल्लातहबाट | स्थानीय गाउँ क्षेत्रबाट |
|---|---|---|---|
| प्रधानाध्यापक, वि.व्य.स.को अध्यक्ष, विषय शिक्षक र अन्य शिक्षकहरु | स्रोतव्यक्ति | पाठ्यक्रम विशेषज्ञ | शिक्षक अभिभावक संघको अध्यक्ष, गा.वि.स.को प्रतिनिधि, वुद्धिजिवि,समाजसेवी, स्थानीय व्यापारी अदि |

प्रस्तुत तालिकालाई हेर्दा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा विद्यालयतहबाट, स्रोतकेन्द्र तहबाट, जिल्ला तहबाट र स्थानीय गाउँ क्षेत्रबाट गरी विभिन्न क्षेत्रका मानिसहरुको संलग्न रहेको पाइयो ।

स्रोतव्यक्तिले अन्तर्वार्ताको क्रममा माथि उल्लेखित विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागीतामा छलफल एवं अन्तर्क्रिया गरी सबैको सल्लाह, सुझावहरुलाई मध्यनजर गर्दै स्थानीय महत्त्वका विभिन्न विषयवस्तुहरुको प्राथमिकीकरण गरी स्थानीय पाठ्यक्रमको विषयवस्तु छनौट कार्य सम्पन्न गरिएको बताए । स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम प्रबोधिकरण तथा सचेतीकरण तालिम संचालन गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि आवश्यक तयारी समेत गराएको स्रोतव्यक्तिले बताए । स्रोतव्यक्तिका अनुसार स्थानीय विषयको पाठ्यक्रम निर्माणको लागि आवश्यकताको पहिचान, विषयवस्तु छनौटको बारेमा

आवश्यक छलफल सम्बन्धित विद्यालय तहमा र आवश्यकता अनुसार स्रातकेन्द्र तहमा पनि हुने गरेको पाइयो । त्यस्तैगरी स्रोतकेन्द्र भरीका सबै विद्यालयहरुको आवश्यकता तथा समस्या अलग अलग पनि हुने गरेकोले सम्बन्धित क्षेत्रको स्थानीय आवश्यकतालाई मध्यनजर गरी  आवश्यकता र समस्याको प्रकृति अनुसार योजना निर्माण हुने गरेको बताए । त्यस्तै स्थानीय पाठ्यक्रम निर्माणको लागि विषयवस्तुको छनौटगर्दा, शैक्षिक सामग्रीको निर्माण गर्दा एवं कार्यान्वयनको सम्बन्धमा समस्या तथा कठीनाइहरु आउने गरेको तर त्यसलाई समस्याको प्रकृति अनुसार छलफल गरेर वा सम्बन्धित समस्याको समाधानको लागि विज्ञव्यक्तिहरुको सल्लाह एवं परामर्श अनुसार समस्या समाधानका लागि प्रयाश हुने बताए ।

स्थानीय पाठ्यक्रमले स्थानीय क्षेत्रका विभिन्न विषवस्तुहरुलाई पठनपाठन गर्न सहयोग पुग्नुका साथै कतिपय परिवेशमा दैनिक जिवनका समस्याहरुको निराकरणको लागि पनि यो पाठ्यक्रम सहयोगी सिद्ध हुने भएकोले यसलाई प्रभावकारी ढंगले अझ व्यवस्थित बनाउन आवश्यक रहेकोकुरा स्रोतव्यक्तिले सुझाए ।(अनुसूचि १)

त्यस्तै प्र.अ.हरुले स्थानीय विषयको पाठ्यक्रमले स्थानीय स्तरका विषयवस्तुहरु समावेश गरी बालबालिकाहरुको सामाजिक परिवेश अनुरुपको सिकाइ प्रक्रिया सञ्चालन गर्न सहयोग पुऱ्याएको कुरा उल्लेख गरेका थिए । ती विद्यालयहरुमा सामाजिक विषयको २० प्रतिशत स्थानीय विषयवस्तुको लागि स्थानीय धार्मिक स्थलहरु तथा स्थानीय चाडपर्वहरु छनौट गरी पठनपाठन संचालन गरिएको पाइयो । *(अनुसूची ११ र १२)*

स्थानीय पाठ्यक्रम निर्माणको लागि स्रोतव्यक्ति सल्लाहकार रहेको विद्यालय स्तरीय पाठ्यक्रम निर्माण समिति गठन गरिएको पाइयो । साथै पाठ्यक्रम निर्माण प्रक्रियाको सो समितिले पाठ्यक्रम विशेषज्ञ, जिल्ला शिक्षा कार्यालय तथा गाउँ शिक्षा समितिसँग समन्वय गरी पाठ्यक्रम कार्यान्वयनमा देखा पर्ने समस्याहरुको समाधानमा प्रयास गर्ने गरेको कुरा प्र.अ.ले बताए । स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनको लागि विषय शिक्षकहरुलाई स्रोतकेन्द्र स्तरीय तालिम एवं प्रशिक्षणमा सहभागी गराइएका, आवश्यक सामग्रीहरु निर्माणको लागि सहयोग, परामर्श र शिक्षकहरुको

वीचमा छलफल समेत गर्ने गरेको प्र.अ.हरुले बताए । स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि स्रोतकेन्द्रबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएतापनि सो सहयोग पर्याप्त नरहेको प्र.अ.हरुले बताए । स्थानीय पाठ्यक्रम निर्माण देखि कार्यान्वयन सम्म पुग्दा र कार्यान्वयन गर्दैरहँदा कार्यान्वयनको प्रमुख पक्ष शिक्षण प्रक्रिया भएकोले कतिपय अवस्थामा आर्थिक पक्षको कमजोरीले अपेक्षित गरेअनुसार कार्यान्वयनमा उतार्न नसकिएको उनीहरुको प्रतिक्रिया थियो । स्थानीय विषयकोरुपमा उनीहरुले आफ्नो समुदायका धार्मिक स्थलहरुको बारेमा र स्थानीय चाडपर्वहरुको बरेमा पठनपाठन सञ्चालन गर्दा विद्यार्थीहरुमा पहिलेको तुलनामा सिकाइप्रति ध्यानाकर्षन भएको र सिकाइ उपलब्धि समेत बढ्ने आशा रहेको उनीहरुको प्रतिक्रिया थियो । (अनुसूची २)

विषय शिक्षकहरुसँगको अन्तर्वार्तामा प्राप्त जानकारी अनुसार स्थानीय चाडपर्वहरु र धार्मिक स्थलहरुलाई स्थानीय विषयको रुपमा छनौट गरी शिक्षण गर्दै आएको उनीहरुले बताए । त्यस्तै स्थानीय विषय शिक्षणको लागि स्रोतकेन्द्रबाट सञ्चालीत तालिम लएिको विषयशिक्षकहरुले बताए । स्थानीय विषयको शिक्षणको क्रममा विभिन्न तालिकाहरु, चार्टहरु, पोष्टरहरुको प्रदर्शन गरी कक्षाकोठामा छलफल, प्रश्नोत्तर गरी शिक्षण गरिने उनीहरुले बताए । त्यस्तै विषयवस्तुको प्रकृति अनुसार स्थानीय धार्मिक स्थलहरुको बारेमा अध्ययन गर्नको लागि सम्बन्धित क्षेत्रमा प्रत्यक्ष रुपमा अवलोकन भ्रमणमा लैजाने र छलफल गरी शिक्षण गरिने भएकोले सिकाइ प्रभावकारी हुने गरेको विषय शिक्षकहरुले बताए । त्यस्तै स्थानीय चाडपर्वहरुको बारेमा शिक्षण गर्दा भने स्थानीय जानकार व्यक्तिहरुको सहयोग लिई शिक्षण गरिने साथै चाडपर्वहरु मनाउने अवसर अनुकुल भएमा त्यहाँको क्रियाकलाप अवलोकनको लागि लैजाने गरेको समेत बताए ।

विद्यार्थीहलाई अवलोकन भ्रमणमा लैजाने क्रममा समस्यहरु पनि हुने शिक्षकहरुले बताए । विद्यार्थीहरुको सुरक्षा, सानानानीहरुलाई विशेष ध्यानदिनुपर्ने, खाजाको व्यवस्था, गाउँमा यातायातको साधनको व्यवस्था नहुने भएकोले पैदल

हिँडाइबाट सम्बन्धित स्थलमा पुग्दा थकित हुने जस्ता समस्याहरु समेत भएको बताउछन् । स्थानीय विषयलाई प्रभावकारी शिक्षण गर्नको तलिम, प्रशिक्षण पर्याप्त नभएकोले आफूहरुले शैक्षणिक योजना निर्माण गर्न नसकेको पनि बताए ।

स्थानीय विषयमा विद्यार्थीहरुको मूल्याङ्कनको लागि कक्षाकार्य, गृहकार्यहरु दिने गरेको र स्थानीय विषयको २० % को लागि अलग परीक्षा नहुने शिक्षकहरुले बताए । स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि यी विविध समस्याहरुतर्फ सम्बन्धित निकायहरुले विशेष ध्यान पुऱ्याउनु पर्ने र आवश्यक व्यवस्था समेत गर्नुपर्ने उनीहरुको सुझाव रहेको थियो । (अनुसूची ३)

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र अभिभावकहरुसँगको अन्तर्वार्ताबाट प्राप्त सूचना अनुसार विद्यालयमा स्थानीय विषयको पाठ्यक्रम लागु भएकोमा आफूहरु खुसी रहेको उनीहरुले बताए । विद्यालयमा स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा विद्यालयको अध्यक्षको हैसियतले आवश्यक वैठक बस्ने, छलफल गर्ने, स्रोतकेन्द्रसँग समन्वय गर्ने, शिक्षकहरुको समस्याको सम्बन्धमा प्र.अ.को राय बुझि समाधान गर्ने तर्फ प्रयत्न गर्ने जस्ता पहलहरु आफूबाट भएको अध्यक्षले बताए ।

त्यस्तै स्थानीय विषयमा धार्मिक महत्त्वका स्थलहरु, धर्मको महत्त्वका कुराहरुको बारेमा शिक्षण गर्दा अहिलेको परिवेशमा बालबालिकाहरुलाई सानै देखि अनुशासित, इमान्दार र सदाचारी बनाउन सघाउपुग्ने कुरापनि अध्यक्षहरुले बताए । स्थानीय विषयको रुपमा स्थानीय चाडपर्वहरुको बारेमा कक्षाकोठामा शिक्षण गरिने भएकोले स्थानीय कतिपय लोपहुने अवस्थामा रहेका चाडपर्वहरुलाई अझ विकसित एवं त्यसको संरक्षण र सम्बर्द्धनमा थप टेवापुग्ने उनीहरुको प्रतिक्रिया थियो ।

केही अभिभावहरुले भने धार्मिक विषयवस्तुहरुको शिक्षण गर्दा स्थानीय धार्मिक क्षेत्रका धर्मको बारेमा ज्ञान भएका व्यक्तिहरुको सल्लाह र परामर्शलाई पनि ध्यान दिएमा थप प्रभावकारी बनाउन सहयोग पुग्ने सुझाव दिए भने चाडपर्वहरुको बारेमा पढाउँदा स्थानीय चाडपर्वको बारेमा भनिने दन्त्यकथा, क्रियाकलापहरु, त्यसका महत्त्व

आदिको ज्ञान भएका व्यक्तिरुलाई स्रोत व्यक्तिको रुपमा लिदै उनीहरुको सल्लाह र सुभ्कावको आधारमा पनि शिक्षण गर्न सकिने आभिभावकहरुको सुभ्काव रहेको थियो ।

धार्मिक महत्त्व र त्यसको समाजमा प्रभाव जस्ता विषयवस्तुलाई माथिल्लो कक्षाहरुमा पनि पढाउने व्यवस्था गर्नसकेमा त्यसले माथिल्लो कक्षाका विद्यार्थीहरुलाई समेत थप अनुशासित र मर्यादित बनाउन सघाउने अभिभावक र अध्यक्षहरुको प्रतिक्रिया थियो । (अनुसूची ४ र ५)

## ४.२ स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयन अवस्था

स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि अध्ययन गर्न शिक्षकको कक्षा अवलोकन गरिएको थियो भने विद्यार्थीहरुसँग समूहछलफल गरिएको थियो । शिक्षकको कक्षा अवलोकन तथा विद्यार्थीहरुको समूह छलफलबाट प्राप्त जानकारीहरुलाई व्याख्या एवं विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरुलाई समूह छलफलको क्रममा स्थानीय विषय शिक्षण गर्दा भए गरेका शिक्षक एवं विद्यार्थीका क्रियाकलपहरुसँग सम्बन्धित गरेर गराइएको थियो । जसमा शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि, उदाहरणको प्रयोग, छलफल अन्तर्क्रिया, अभ्यास एवं योजना कार्य, विद्यार्थीको ध्यानाकर्षण आदि विषयमा छलफल गराइ सो छलफलबाट प्राप्त निष्कर्षलाई निम्न अनुसार विश्लेषण एवं व्याख्या गरिएको छ ।

स्थानीय विषयको पाठ्यपुस्तकको व्यवस्था नभएकोले अध्ययन गर्न कठिन भएको विद्यार्थीहरुले बताए । त्यस्तै आज पढिसकेपछि भोली के पढ्ने अथवा सरले कुन विषय वस्तु पढाउने हो भन्ने अन्योलता उनीहरुमा रहेको बताए । त्यस्तै कतिपय विषयवस्तुहरु कक्षाकोठामा छलफल गरिए तापनि विर्सने हुन्छ, त्यस्तो अवस्थामा पुस्तकको अभावले गर्दा घरमा गएर फेरी पढ्न नपाएको गुनासो उनीहरुको देखिन्थ्यो । त्यस्तै शिक्षकको अनुपस्थितिमा के पढ्ने भन्ने समस्या रहेको बताए ।

शिक्षकले कक्षाकोठामा पढाउने बेलामा विभिन्न तालिकाहरु, पोस्टरहरु प्रदर्शन गरी आवश्यक कुराहरुको व्याख्या गरी पढाउने गरेको उनीहरुले बताएका थिए भने सो कक्षामा सिर्जनात्मक कार्य गर्ने, अभ्यास गर्ने जस्ता क्रियाकलापको अभाव रहेको केही विद्यार्थीहरुले बताए ।

धार्मिक स्थलको लागि अवलोकन भ्रमणमा लैजाने क्रममा प्राया विद्यालय छेउमा रहेको मन्दिरको अवलोकन गरी छलफल गर्ने गरेको र गाउँ वरिपरि अन्य धार्मिक स्थलहरु भएपनि टाढा एवं समय बढी लाग्छ भनि सरहरुले भन्ने गरेको उनीहरुले समूह छलफलमा बताए । बार्षिक २ पटक स्थानीय धार्मिक स्थलहरुको अवलोकन तथा अध्ययन भ्रमणमा जाँदा पनि ठुला विद्यार्थीहरु मात्र सहभागि हुने र सानानानीहरु हिड्न नसक्ने भनी समावेश नगर्ने समेत उनहिरुको प्रतिक्रिया थियो ।

यस समूह छलफलबाट के भन्न सकिन्छ भने स्थानीय पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा शिक्षकहरुले शिक्षण गरिने विषयवस्तुको आवश्यक योजना कक्षामा प्रस्तुत नगरीएकोले विद्यार्थीहरुलाई भोली के पढ्ने भन्ने जस्ता अन्योलता भएको देखिन्छ । अर्कोतिर कक्षाकोठाको मात्र सीमित एर्व व्याख्यान विधिको मात्र प्रयोगले विद्यार्थीहरुलाई शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाउन नसकिने देखिन्छ भने विद्यार्थीहरुलाई शिक्षण प्रक्रिया निरश र दिक्कलाग्दो हुन सक्छ । तसर्थ शिक्षणसिकाइ प्रक्रियामा विद्यार्थी केन्द्रित, क्रियाकलाप केन्द्रित शिक्षण प्रक्रिया अपनाउनु पर्ने देखिन्छ । त्यस्तै स्थानीय धार्मिक स्थलहरुको अवलोकन अध्ययन प्रक्रियामा पनि सानाठुला सबैखाले विद्यार्थीहरु सहभागी हुन सक्ने गरी योजना निर्माण गर्नु पर्ने देखिन्छ ।

स्थानीय विषयको पाठ्यक्रम निर्दिष्ट प्रक्रिया अनुसार कार्यान्वयन भए नभएको अध्ययन गर्नको लागि छनौटमा परेका विद्यालयहरुको प्र.अ.को अनुमति लिई गणेश उ.मा.वि को कक्षा १ मा अवलोकन गरिएको थियो । सो अवलोकनमा प्राप्त

जानकारीहरुलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरीएको छ ।

"गणेश मन्दिरको परिचय" पाठको शिक्षण अवस्था अध्ययन

| शिक्षणको सुरुवात (अवश्यक तयारी) | शिक्षण विधि | शैक्षिक सामग्रीहरु | क्रियाकलपहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| शिक्षणको योजना नबनाएको<br><br>विद्यार्थीको ध्यानाकर्षण भएको<br><br>पूर्वपाठको स्मरण नगरिएको | व्याख्यान<br><br>छलफल<br><br>प्रदर्शन | चार्ट<br>चित्र | गणेश मन्दिर कस्ले बनाएका हुन ? सोधिएको<br><br>गणेश मन्दिरमा पूजाआजा गर्ने र मेलालाग्ने तिथिमिति सोधिएको | सोधिएको प्रश्नको जवाफ दिने गरेको<br><br>छलफल प्रक्रियामा निस्कृय देखिएको |

माथिको तालिका कक्षा १ को स्थानीय विषय "गणेश मन्दिरको परिचय" पाठको कक्षा अवलोकन बाट प्राप्त जानकारीहरुको विवरण हो । विषय शिक्षक कक्षाकोठामा चार्ट र चित्रहरु लिएर प्रवेश गर्दा विद्यार्थीहरु निक्कै उत्साहित देखिन्थे । विद्यार्थीहरुलाई सामान्य रुपमा आफ्नो गाउँ वरिपरिका धार्मिक स्थलहरुको नाम भन्न लगाउने पाठको लक्ष्य रहेकोले पाठयोजनाको आवश्यकता नपरेको शिक्षकले बताए । आफूले ल्याएको चित्र देखाउँदै यो कुन मन्दिर हो भनेर शिक्षक सोध्दै र विद्यार्थीहरु आफूले जानेको जवाफ दिदै गरेको परिदृश्य शुरुमा देखिन्थ्यो । तर शिक्षकले व्याख्या गर्न थालेपछि भने विद्यार्थीहरु चुपचाप देखिन्थे । यसबाट के भन्न सकिन्छ भने शिक्षणको क्रममा शिक्षकको सक्रियता बढी थियो । विद्यार्थीहरुको बसाई, कक्षाकोठा व्यवस्थापन लगायत समूह विभाजन गरेको देखिदैनथ्यो । सो कक्षा अवलोकन गर्दा शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिम एवं प्रशिक्षणको आवश्यकता देखिन्छ ।

स्थानीय विषयको पाठ्यक्रम निर्दिष्ट प्रक्रिया अनुसार कार्यान्वयन भए नभएको अध्ययन गर्नको लागि छनौटमा परेका विद्यालयहरुको प्र.अ.को अनुमति लिई श्री विमला प्रा.वि.को कक्षा २ मा अवलोकन गरिएको थियो । सो अवलोकनमा प्राप्त जानकारीहरुलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरीएको छ ।

“स्थानीय धार्मिक स्थलहरुको महत्त्व” पाठको शिक्षण अवस्था अध्ययन

| शिक्षणको सुरुवात (अवश्यक तयारी) | प्रयोग गरिएका शिक्षण विधि | शैक्षिक सामग्रीहरु | क्रियाकलपहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| शिक्षणको योजना बनाएको<br><br>विद्यार्थीको ध्यानाकर्षण भएको<br><br>पूर्वपाठको स्मरण नगरिएको | ब्याख्यान<br><br>छलफल<br><br>प्रदर्शन | चार्ट<br><br>चित्र | पाठ शिर्षक कालो पाटीमा लेख्दै कक्षाको सुरवात गरेको<br><br>धार्मिक स्थलहरुको महत्त्वबारे विद्यार्थीहरुलाई छलफल गर्न लगाइएको<br><br>तालिका प्रस्तुत गरी धार्मिक स्थलहरुको महत्त्वबारे बयान गरिएको | छलफल प्रक्रियामा सक्रिय भाग नलिएको<br><br>तालिकामा लिखित बुँदाहरु पढ्दै गरेको |

छनौटमा परेको विद्यालयको कक्षा २ को स्थानीय धार्मिक स्थलहरुको महत्त्व भन्ने पाठ को शिक्षण क्रियाकलाप अवलोकन गरिएको थियो । स्थानीय विषय शिक्षण गर्ने शिक्षकले शिक्षणको योजना बनाएको देखिदैन । तर विद्यार्थीहरुको ध्यानाकर्षण गर्दै कालोपाटीमा विषय शिर्षक लेखी पाठ शुरु गरेका थिए । त्यसपछि धार्मिक स्थलहरुको

चित्र प्रस्तुत गर्दै धार्मिक स्थलहरुको महत्त्वको बारेमा विद्यार्थीहरुलाई छलफल गर्न लगाएको देखिन्छ । तर छलफल प्रक्रियामा सबै विद्यार्थीहरु सक्रिय भएर लागेको देखिदैनथ्यो । विद्यार्थीहरुले छलफलबाट केही निष्कर्ष निकाले पछि एक जना विद्यार्थीलाई प्रस्तुत गर्न लगाएको देखिन्छ भने त्यसपश्चात शिक्षकले लगेको धार्मिक स्थलको महत्त्वहरु उल्लेख भएको चार्ट प्रस्तुत गरी पढ्न लगाउने, टिपोट गर्न लगाउन जस्ता क्रियाकलापहरु गरेको देखिन्छ । कतिपय विद्यार्थीहरु लेख्दै थिए भने कतिपय गफगाफमा पनि भुलेको देखिन्थ्यो ।

यसप्रकार सो कक्षा अवलोकन पश्चात के भन्न सकिन्छ भने शिक्षकले कक्षाकोठामा सबै विद्यार्थीहरुलाई सक्रियपूर्वक छलफलमा सहभागी गराउन सकेको देखिदैन । शिक्षणको अन्त्यमा विद्यार्थीहरुलाई कुनैपनि योजना कार्य वा क्रियाकलाप दिएको देखिदैन । त्यसको लागि शिक्षकलाई आवश्यक प्रशिक्षणको वा शिक्षणप्रक्रियामा विद्यार्थीहरुको सहभागिता अभिवृद्धि गर्ने उपायहरुको बारेमा परामर्श दिनु पर्ने आवश्यकता देखिन्छ ।

यसबाट के देखिन्छ भने स्थानीय विषयको शिक्षण निर्दिष्ट गरे बमोजिम कार्यान्वयन भएको छ भन्न सकिदैन । किनकी शिक्षकले स्थानीय धार्मिक स्थलहरुको महत्त्व आफ्ना अभिभावक वा छिमेकको कसैलाई सोधी लेखेर ल्याउनु भन्ने जस्ता क्रियाकलापको लागि विद्यार्थीलाई उत्प्रेरीत गर्न सकिन्थ्यो ।

स्थानीय विषयको पाठ्यक्रम निर्दिष्ट प्रक्रिया अनुसार कार्यान्वयन भए नभएको अध्ययन गर्नको लागि छनौटमा परेका विद्यालयहरुको प्र.अ.को अनुमति लिई श्री भूमेश्वर नि.मा.वि.को कक्षा ४ मा अवलोकन गरिएको थियो । सो अवलोकनमा प्राप्त जानकारीहरुलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरीएको छ ।

“ल्होसार पर्वको परिचय” पाठको शिक्षण अवस्था अध्ययनको तालिका निम्न रहेका छन :

“ल्होसार पर्वको परिचय” पाठको शिक्षण अवस्था

| शिक्षणको सुरुवात (अवश्यक तयारी) | प्रयोग गरिएका शिक्षण विधि | शैक्षिक सामग्रीहरु | क्रियाकलपहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| शिक्षणको योजना नबनाएको<br><br>विद्यार्थीको ध्यानाकर्षण नभएको<br><br>पूर्वपाठको स्मरण नगरिएको<br><br>पर्याप्त सामग्रीहरु नभएको | ब्याख्यान<br><br>छलफल<br><br>प्रदर्शन<br><br>प्रयोगात्मक कार्य | चार्ट<br><br>शब्दपत्ति | पाठ शिर्षक कालो पाटीमा लेख्दै कक्षाको सुरवात गरेको<br><br>विद्यार्थीहरुले मनाउने गरेको चाडपर्वहरुको नाम सोधिएको<br><br>ती ल्होसारपर्व पर्ने महिना, तिथि को बारेमा सोधिएको ल्होसारपर्व कुनकुन जातिले मान्दछन् ? सोधिएको<br><br>ल्होसार पर्वमा गरिने क्रियाकलापहरुको बारेमा प्रश्न सोधिएको | ध्यन दिएर सुन्ने प्रयास गरेको<br><br>छलफलमा सक्रिय नदेखिएको<br><br>शिक्षकसँग छलफल नगरेको |

नमूना छनौटमा परेको विद्यालयको कक्षा ४ को स्थानीय विषयको “ल्होसार पर्वको परिचय” भन्ने पाठको अवलोकन गरी निम्न व्याख्या तथा विश्लेषण गरिएको छ ।

विषय शिक्षकले सर्वप्रथम कक्षाकोठामा प्रबेश गरेपछि कालोपाटीमा पाठको शिर्षक लेखी शिक्षणको सुरुवात गरेको पाइयो । शिक्षकको साथमा शिक्षण योजना पनि देखिएन । शैक्षिक सामग्रीको रुपमा चार्ट र शब्दपत्ती प्रयोग गरेको पाइयो । शिक्षणको

क्रममा विद्यार्थीहरुलाई स्थानीयरुपमा मनाइने चाडपर्वहरु के के छन् भन्ने प्रश्न सोधेर सबैको ध्यानाकर्षण गरेको पाइयो । विद्यार्थीहरु आफूलाई थाहा भएको चाडपर्वहरुको जवाफ दिने गरेको देखियो । यसैक्रममा ती ल्होसारपर्व कुन महिनामा पर्दछ भन्ने छलफल गर्न समूह विभाजन गरी छलफलको वातावरण बनाइएको पाइयो । छलफलको क्रममा कतिपय विद्यार्थीहरु विषयवस्तु भन्दा पनि अन्य गफ गर्न थालेको पनि देखिन्थ्यो । यस प्रकार छलफल, प्रश्नोत्तर, समूहकार्य आदि गर्दै अन्त्यमा "ल्होसार पर्व मनाउने जातिको नाम लगायत सो चाडपर्व पर्ने महिना समेत स्थानीय अभिभावकहरुलाई सोधेर ल्याउने भनि प्रयोगात्मक कार्य दिएर कक्षा समापन गरेको पाइयो ।

यसबाट के भन्न सकिन्छ भने शिक्षकले शिक्षण योजना नबनाइकन शिक्षण गर्नु, शैक्षिक सामग्री विना नै शिक्षण गर्नु, विद्यार्थीहरुलाई योजना कार्य नदिनु, छलफललाई विषय केन्द्रीत नगरिनु जस्ता व्यवहारीक कमीकमजोरीहरु देखिन्छ । जबसम्म शिक्षक स्वयम जागरुक भएर शिक्षणको लागि तयार हुँदैन, तवसम्म पाठ्यक्रम कार्यान्वयन प्रभावकारी हुन सक्दैन ।

कक्षा शिक्षणलाई अझ प्रभावकारी बनाउनको लागि शिक्षकहरुले आफूलाई स्थानीय विषयवस्तुको बारेमा सामान्य मात्र ज्ञान रहेको र सामान्य परिचयले मात्र सो विषयवस्तु शिक्षणको उद्देश्य पूरा हुन सक्दैन भने सम्बन्धित विषयवस्तुको ज्ञान भएको स्थानीय व्यक्तिलाई सो कक्षामा उपस्थित गराएर पनि विषय वस्तुको बारेमा विद्याथीहरुलाई पर्याप्त जानकारी प्रदान गर्न सकिन्छ । स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि कक्षा अवलोकन, निरिक्षण जस्ता कार्यहरु पनि निरन्तररुपमा सञ्चालन गरी शिक्षणमा देखिएका समस्याहरुलाई समाधान गर्न अति अवश्यक देखिन्छ ।

त्यस्तै नमूना छनौटमा परेका श्री जलकन्या प्रा.वि.को प्र.अ. सँग अनुमति लिइ कक्षा ५ को सामाजिक विषयको स्थानीय पाठ्यक्रम अन्तर्गत "डाँडा गाउँ क्षेत्रका

धार्मिक स्थलहरुको परिचय" भन्ने पाठ शिक्षणको अवलोकन गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

"डाँडा गाउँ क्षेत्रका धार्मिक स्थलहरुको परिचय" पाठको शिक्षण अवस्था अध्ययन

| शिक्षणको सुरुवात (अवश्यक तयारी) | प्रयोग गरिएका शिक्षण विधि | शैक्षिक सामग्रीहरु | क्रियाकलपहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| शिक्षणको योजना बनाएको<br><br>विद्यार्थीको ध्यानाकर्षण नभएको<br><br>पूर्वपाठको स्मरण नगरिएको<br><br>पर्याप्त सामग्रीहरु नभएको | व्याख्यान<br><br>छलफल<br><br>प्रदर्शन<br><br>प्रयोगात्मक कार्य | चार्ट<br><br>शब्दपत्ति | गाउँ वरिपरि रहेका मठ मन्दिरहरुको नाम भन्न लगाएको<br><br>ती धार्मिक स्थलहरुमा गरिने क्रियाकलापको बारेमा सोधिएको<br><br>ती धार्मिक स्थलहरुसँग सम्बन्धित व्यक्तिहरुको बारेमा सोधिएको | ध्यान दिएर सुन्ने प्रयास गरेको<br><br>छलफलमा सक्रिय नदेखिएको<br><br>शिक्षकसँग छलफल नगरेको |

सम्बन्धित विषय शिक्षक कक्षामा प्रवेश गरी विद्यार्थीहरुलाई स्थानीय धार्मिक स्थलहरुबारे पढ्ने जानकारी गराउँदै पाठ शिर्षक कालोपाटीमा लेखेर कक्षा शुरु गरेको पाइयो । विद्यार्थीहरुको ध्यानाकर्षण गराउन स्थानीय क्षेत्रमा तिमीहरुले मठ मन्दिरहरु देखेका छौ भन्ने प्रश्न गर्दै मठ मन्दिरहरुको नाम भन्न लगाएको पाइयो । त्यस्तै सो धार्मिक स्थलहरुमा गरिने विभिन्न क्रियाकलापहरुको बारेमा समूह निर्माण गरी छलफल गर्न लगाएको पाइयो । छलफलमा सबै विद्यार्थीहरु सक्रियरुपमा सहभागि भएको देखिएन । धार्मिक स्थलहरुसँग सम्बन्धित व्यक्तिहरुबारे शिक्षकले व्याख्या गरेर शिक्षण गरेको पाइयो । अन्त्यमा विद्यार्थीहरुलाई स्थानीय धार्मिक स्थलसँग सम्बन्धित

व्यक्तिहरुको बारेमा समुदायका मानिसहरुसँग सोधखोज गर्नको लागि प्रयोगात्मक कार्य दिइएको पाइयो ।

यसबाट के भन्न सकिन्छ भने शिक्षणको योजना बनाएर कक्षा शिक्षण गरिएको भएपनि खासै प्रभावकारी ढंगले विद्यार्थीहरुको ध्यानाकर्षण गर्न नसकेको देखिन्छ । त्यस्तै शिक्षण सिकाई क्रियाकलापमा शिक्षक बढी सक्रिय भएको देखिन्छ । तसर्थ स्थानीय पाठ्यक्रमको कार्यान्वयन निर्दिष्ट अनुसार हुन नसकेको देखिन्छ ।

## ४.३ स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि सार

छनौटमा परेका विद्यालयहरुको कक्षा शिक्षणको अवलोकन, समूह छलफलबाट प्राप्त जानकारीका आधारमा स्थानीय विषयको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धि अवस्थाको अध्ययनलाई  सारसंक्षेपमा यस प्रकार व्यक्त गरिएको छ ।

क) स्थानीय पाठ्यक्रम निर्माणको लागि स्रोतकेन्द्र स्तरीय तयारी गरेको पाइयो । जसमा स्रोतकेन्द्र स्तरका सम्पूर्ण विद्यालयहरुलाई सहभागि गराई पाठ्यक्रम विशेषज्ञको उपस्थितिमा स्थानीय पाठ्यक्रम निर्माण एवं कार्यान्वयन सम्बन्धमा आवश्यक अभिमूखीकरण एवं सचेतीकरण कार्यक्रम सञ्चालन गरिएको पाइयो । त्यसपछि विद्यालयले स्रोत व्यक्ति सल्लाहकार रहेको एक पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समिति गठन गरी सो समितिको समन्वयमा स्थानीय अभिभावक, वि.व्य.स.का प्रतिनिधिहरु, शिक्षकहरु, बुद्धिजिवि, स्थानीय निकायहरुको प्रतिनिधि, संघसंस्थाहरुको उपस्थितिमा व्यापक छलफल र अन्तर्क्रिया मार्फत विषयवस्तुको छनौट गरीएको पाइयो । यस प्रकार स्थानीय आवश्यकता अनुरुपको विषयवस्तुको छनौट गरी विद्यालयहरुमा पाठ्यक्रम निर्माण गरी लागु गरिएको पाइयो । यस प्रक्रियालाई हेर्दा पाठ्यक्रमको निर्माण चरण सन्तोषजनक देखिन्छ ।

ख) स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने मुख्य प्रक्रिया भनेको शिक्षण सिकाइ प्रक्रिया हो । तसर्थ यहाँ कक्षाकोठामा शिक्षण सिकाइ प्रक्रियाको अवलोकन अध्ययन पश्चात प्राप्त तथ्यहरुलाई उल्लेख गरिएको छ । पाठ्यक्रमलाई व्यवहारीकरुप दिने भनेकै कक्षाकोठाको शिक्षण प्रक्रियाले हो । सामाजिक विषय अन्तर्गत २० प्रतिशत

पाठ्यक्रमको शिक्षणको लागि छुट्याइएको समय भनेको वार्षिक ५/६ हप्ता हो । यस अनुसार समय विभाजन गर्दा स्थानीय विषयको लागि हप्तामा कम्तिमा १ घण्टी समय पर्न आउँछ । विद्यालयहरुले पनि सामाजिक विषय अर्न्तगतको स्थानीय विषयलाई हप्तामा १ घण्टी समय वितरण गरेको देखिदैन । त्यस्तै शिक्षण सिकाइको लागि तोकिएको विधि तथा तरिकाहरु अपनाइएको देखिएन भने सम्बन्धित तहबाट आवश्यक अनुगमनको पनि व्यवस्था गरेको पाइएन । यसबाट के भन्न सकिन्छ भने स्थानीय पाठ्यक्रमको कार्यान्वयनको लागि विद्यालयहरुले वितरण गरिएको समय, प्रयोग गरिएको शिक्षण विधि, विद्यार्थी क्रियाकलाप वीच खासै तालमेल देखिदैन ।

ग) स्थानीय विषयको मूल्याङ्कन प्रक्रियालाई हेर्दा विषय शिक्षकले निरन्तर कक्षा शिक्षणमा मूल्याङ्कन गरेको कुरा बताए पनि व्यवहारीक रुपमा यो देखिदैन । मूल्याङ्कन कै कुरा गर्दा विषय शिक्षकले दिने गरेको प्रयोगात्मक कार्य र गृहकार्य मात्र देखिन्छ । स्थानीय विषय बाहेक सामाजिक विषयको मूल्याङ्कन ८० मा मात्र हुनु पर्ने र २० को स्थानीय विषयको हुने स्पष्ट व्यवस्थाा पाठ्यक्रमले गरे तापनि शिक्षकहरुले स्थानीय विषयको छुट्टै मुल्याङ्कन गरेको देखिदैन । यसबाट के बुझिन्छ भने ८०लाई नै १००को रुपमा मूल्याङ्कन गर्नु हो र स्थानीय विषयको मूल्याङ्कन नगरिनु हो । यसबाट के भन्न सकिन्छ भने स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्षलाई सुदृढ एवं चुस्तदुरुस्त बनाउन स्थानीय निकायहरुलाई सशक्त बनाउनु एवं अनुगमनको व्यवस्था अनिवार्य गर्नु पर्ने आवश्यकता देखिन्छ ।

घ) सामाजिक विषयको २०% स्थानीय विषयवस्तुको लागि स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय क्षेत्रका धार्मिक, साँस्कृतिक, जातजाति, भाषा, भेषभुषा, वातावरण, ऐतिहासिक महत्त्वका विषयवस्तुहरु, पर्यटकीय सम्भाव्यताका स्थलहरु, आर्थिक क्षेत्रहरु, स्थानीय मेलापर्व, प्राकृतिक क्षेत्र, स्थानीय व्यक्तिहरुको सीपकला, पेशा, व्यवशाय आदि विविध क्षेत्रका विषयवस्तुहरु समावेश गर्न सकिने व्यवस्था गरिएको छ । तर अध्ययनका लागि छनौटमा परेका विद्यालयहरुले भने ती विविध क्षेत्रका विषयवस्तुहरु मध्ये धार्मिक र साँस्कृतिक क्षेत्रका विषयवस्तुलाई मात्र समेटेको पाइयो ।

त्यसैले अन्य क्षेत्रका विषयवस्तुहरु पनि स्थानीय पाठ्यक्रममा समावेश गरी विद्यार्थीहरुलाई विविध विषयवस्तुको बारेमा ज्ञान दिन सकिन्छ ।

## ४.४ सामाजिक विषय अन्तर्गत स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरु

स्थानीय विषयको पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा देखा परेको समस्या सम्बन्धि स्रोतव्यक्ति, विद्यार्थी, विषय शिक्षक, अभिभावक र प्रधानाध्यापकहरुले व्यक्त गरेका राय अनुसार निम्नलिखित समस्याहरु देखिएका छन् :

- पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको लागि पाठ्यक्रम विशेषज्ञको अभाव हुनु ।
- पाठ्यक्रम निर्माणको लागि आवश्यक पर्ने तालिम तथा प्रशिक्षणको अभाव ।
- स्थानीय निकायहरुले चासो नलिनु ।
- स्थानीय व्यक्तिहरुको आवश्यकतामा विविधता हुनु ।
- विभिन्न विषयबस्तुहरु मध्येबाट उपयुक्त हुने विषय छनौट गर्न कठीन हुनु ।
- पाठ्यक्रम निर्माणमा विभिन्न स्थानीय निकायहरु बीच समन्वय नहुनु ।
- विद्यालयले पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको लागि प्रभावकारी भूमिका खेल्न नसक्नु ।
- विषय शिक्षकलाई आवश्यक सल्लाह, परामर्श र तालिम तथा प्रशिक्षणको व्यवस्था नहुनु ।
- शैक्षिक सामग्री निर्माण र प्रयोग नहुनु ।
- क्रियाकलाप केन्द्रित एवं बालकेन्द्रित विधि भन्दा परम्परागत शिक्षण विधिहरु बढी प्रयोगमा रहनु ।
- निरन्तर मूल्याङ्कन प्रणालीको अभाव हुनु ।
- स्थानीय पाठ्यक्रमको निरीक्षण तथा अनुगमनको व्यवस्था नहुनु ।
- सामाजिक विषय अन्तर्गतको स्थानीय विषयको अलग परीक्षा संचालन नगर्नु ।

- स्थानीय निकायहरु आफ्नो जिम्मेवारी प्रति प्रतिबद्ध नहुनु ।
- शिक्षण सिकाइलाई व्यवस्थित गर्न विद्यालय असमर्थ हुनु ।
- सरकारी तहबाट स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन सम्बन्धि ठोस नीति तथा कार्यक्रम नआउनु ।
- जिल्ला शिक्षा कार्यालयबाट समन्वयकारी भूमिका निर्वाह गर्न नसक्नु ।
- स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गर्न नसक्नु ।
- स्थानीय निकायहरु जस्तैः गा.वि.स., गाउँ शिक्षा समितिले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि सक्रियता नदेखाउनु ।

## ४.५ सामाजिक विषय अन्तर्गत स्थानीय विषयको पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखा परेका समस्या समाधानका उपायहरु :

स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियामा देखा परेका समस्याहरु समाधान गरी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियालाई व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि निम्न लिखित पक्षहरुमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

- स्थानीय निकायहरुलाई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रिया प्रति जिम्मेबार बनाउने ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धि सचेतना एवं सहयोगी सामग्रीहरुको प्रकाशन र वितरण कार्य गर्ने ।
- स्थानीय स्तरमै पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धि एक संयत्रको व्यवस्था गर्नु पर्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियाको निरन्तर अनुगमन तथा निरीक्षणको व्यवस्था गर्नु पर्ने ।
- विद्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय लगायत पाठ्यक्रम निर्माण संयन्त्रलाई सशक्त बनाउने ।

- सरकारी एवं गैरसरकारी निकायहरुलाई पाठ्यक्रम विकास तथा कार्यान्वयनको लागि स्थानीयस्तरमा आवश्यक कार्याक्रमहरु लैजाना आह्वान गर्ने ।
- शिक्षकहरुको विभिन्न पेशागत संघ/संगठनहरुलाई पाठ्यक्रम निर्माण र कार्यान्वयनको लागि आवश्यक कदम चाल्न ध्यानाकर्षण गर्ने ।
- पाठ्यक्रमका विषयवस्तु र सिकाइप्रक्रियासम्बन्धि बस्तुस्थिति बुझ्न प्रयोग गरिने प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।
- आफ्नो क्षेत्रभित्रका शिक्षक परिचालन गरी आवश्यक विशेषज्ञता भएका व्यक्ति बोलाई पाठ्यक्रम निर्माण समिति गठन गरी अगुवाई गर्ने ।
- विद्यालयहरुको बीचमा समन्वय गरी मिल्दो विषयवस्तुको पाठ्यक्रम तयार गर्न मद्धत गर्ने ।
- जिल्ला तहबाट जिल्ला पाठ्यक्रम विकास तथा समन्वय समितिले नेतृत्वको भुमिक खेल्ने ।

# परिच्छेद पाँच

# प्राप्ती, निष्कर्ष र सुझाव

यस परिच्छेद अन्तर्गत तथ्याङ्कको व्याख्या एवं विश्लेषणबाट प्राप्त जानकारीको आधारमा प्राप्ती, निष्कर्ष र सुझावहरुलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ती

- स्थानीय पाठ्यक्रम निर्माणको क्रममा स्थानीय स्तरको सरोकारवालाहरुको उपस्थिति रहेको देखियो ।
- अध्ययन क्षेत्रका प्रायाजसो विद्यालयहरुको भौतिक स्थिति नाजुक रहेको पाइयो ।
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियाको अनुगमन र निरीक्षणको अभाव रहेको देखियो ।
- शिक्षक र विद्यार्थीको लागि स्थानीय विषयवस्तुलाई समेटेर तयार पारीएको सामग्रीको अभाव रहेको पाइयो ।
- स्थानीय विषयवस्तु शिक्षणको क्रममा शिक्षकले निर्दिष्ट शिक्षण विधिको सट्टा व्याख्यान विधिको प्रयोग गरेको पाइयो ।
- स्थानीय पाठ्यक्रममा स्थानीय क्षेत्रका विविध विषयवस्तुहरु मध्ये धर्म र सँस्कृति सम्बन्धि मात्र विषयवस्तु समावेश गरेको पाइयो ।
- कक्षा शिक्षणको समयमा शिक्षण सामग्रीको प्रयोग नगन्य मात्रमा प्रयोग गरिएको देखियो ।
- स्थानीय विषय शिक्षणको सन्दर्भमा शिक्षकहरुले पाठयोजना तयारीकासाथ आएको देखिएन ।
- स्थानीय विषय शिक्षणको क्रममा विषय शिक्षकले विद्यार्थीहरुलाई प्रयोगात्मक कार्य दिने गरेको पाइयो ।

- स्थानीय विषय शिक्षणको क्रममा विद्यार्थीहरुलाई वार्षिक रुपमा दुईपटक स्थानीय स्थलहरुमा अवलोकन भ्रमणमा लैजाने गरेको पाइयो ।
- स्थानीय विषयको मूल्याङकनको लागि छुट्टै परीक्षाको व्यवस्था नगरेको पाइयो ।
- स्रोतकेन्द्र स्तरमा पाठ्यक्रम निर्माणका लागि कम्तिमा पनि एकजना पाठ्यक्रम विशेषज्ञको आवश्यकता रहेको पाइयो ।
- स्थानीय पाठ्यक्रमको बारेमा स्थानीय स्तरका व्यक्तिहरुमा जनचेतना अभिवृद्धि गर्नु पर्ने अवस्था पाइयो ।
- स्थानीय पाठ्यक्रमको निर्माण एवं कार्यान्वयनको सन्दर्भमा स्थानीय निकायहरु निस्क्रिय रहेको पाइयो

यसबाट के देखिन्छ भने सम्बन्धित व्यक्ति तथा निकायहरुको कमीकमजोरीको कारणले स्थानीय पाठ्यक्रमको कार्यान्वयन निर्दिष्ट प्रक्रिया अनुसार नभएको देखिन्छ ।

## ५.२ निष्कर्ष

- लक्ष्य अनुरुप स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्न नसकेको देखिन्छ । स्थानीय पाठ्यक्रमको अवधारणा जुन लक्ष्य तथा उद्देश्यको साथ अगाडि आएको हो, सो अवधारणालाई मूर्तरुप दिनको लागि स्थानीय शिक्षक, अभिभावक तथा विद्यार्थीहरुले सोही अनुरुप  स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ भन्ने यस शोधको निष्कर्ष रहेको छ ।
- पाठ्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने व्यक्ति तथा निकायहरु बीचको समन्वयको अभावको कारणले यसको कार्याव्यनमा शिथिलता देखा परेकोले यसको प्रभावकारी कार्यान्वयनको लागि ध्यान दिँदै स्थानीय पाठ्यक्रमलाई निर्देशित प्रक्रिया अनुसार कार्यान्वयन गर्नुपर्दछ भन्ने शोधको निष्कर्ष रहेको छ ।
- पाठ्यक्रमका विभिन्न तत्त्वहरु मध्ये विषयवस्तुमा मात्र बढी ध्यान केन्द्रित भएकोले पाठ्यक्रमका अन्य महत्त्वपूर्ण पक्षहरु ओझेलमा पर्न गएको देखिन्छ । तसर्थ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयवस्तुमा मात्र नभएर

यसको अन्य तत्त्वहरुमा पनि ध्यान पुऱ्याउन आवश्यक रहेको शोधको निष्कर्ष रहेको छ ।

- पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन गर्नको लागि स्थानीय अभिभावक, शिक्षाप्रेमी, बुद्धिजिवि, लगायत स्थानीय तहका विभिन्न संघसंस्था देखि लिएर जिल्ला तहका विभिन्न संघसंस्थाहरुको पनि महत्त्पूर्ण भूमिका रहन सक्छ । त्यसैले पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने सन्दर्भमा सबै पक्षको व्यक्ति तथा निकायहरुसँगाको छलफल तथा अन्तर्क्रियालाई बढवा निको लागि सवैको सहभागितालाई विशेष जोडदिनु पर्दछ भन्ने यो शोधको निष्कर्ष रहेको छ ।
- स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरुले वार्षिक तथा दैनिक  कार्यायोजना विना नै शिक्षण गर्ने गरेकोले शिक्षण प्रभावकारीता आएको देखिएन । तसर्थ विषय शिक्षकले कक्षा शुरुगर्नु पूर्व र पश्चातका शैक्षणिक तयारीहरु प्रति सचेत र जिम्मेबारी बहन गर्दै कक्षा शिक्षण गर्न प्रोत्साहित गर्ने खालको वातावरण सिर्जना गरी शिक्षण प्रति सकारात्मक सोचको अभिवृद्धि गराउनु पर्दछ भन्ने शोधको निष्कर्ष रहेको छ ।
- स्थानीय पाठ्यक्रम निर्माणको क्रममा स्थानीय विविध खालको आवश्यकताहरु लगायत पाठ्यक्रमको सान्दर्भिकता एवं गुणस्तरीतालाई मध्यनजर गर्नु पर्ने भएकोले गा.वि.स., स्रोतकेन्द्र र जिल्लातहको पाठ्यक्रम निर्माण समितिहरुसँगको समन्वयमा पाठ्यक्रमको निर्माण गर्नुपर्दछ भन्ने यस शोधको निष्कर्ष रहेको छ ।
- पाठ्यक्रम कार्यान्वयन गर्ने सम्पूर्ण जिम्मेबारी विषय शिक्षकको मात्र रहन्छ भन्ने खालको सोच विद्यालयहरुमा देखिन्छ । तसर्थ पाठ्यक्रमको कार्यान्वयनमा विषय शिक्षक, प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय प्रशासन, समिति लगायत सबैपक्षको जिम्मेवारी र  भूमिका रहन्छ भन्ने कुरा प्रति सचेत गराउदै सबै पक्षलाई आ-आफ्नो ठाउँमा सक्रिय रहने वातावरण बनाउनु पर्दछ भन्ने शोधको निष्कर्ष रहेको छ ।

## ५.३ सुझाव

- सम्बन्धित व्यक्तिहरु तथा क्षेत्रहरुबाट प्राप्त तथ्याङ्कको व्याख्या एवं विश्लेषणको आधारमा प्राप्त निष्कर्षलाई मध्यनजर गर्दै स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।
- स्थानीय पाठ्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नको लागि हरेक शैक्षिकसत्रको सुरुमा नै वार्षिक कार्ययोजना बनाउनु पर्ने आवश्यकता देखिन्छ ।
- शिक्षण कार्यलाई जिवन्तता दिलाउनको लागि र पाठ्यक्रमको कुशल कार्यान्वयनको लागि सम्पूर्ण शिक्षक, विद्यार्थी लगायत शिक्षण सिकाइसँग सम्बद्ध पक्षहरुको सामूहिक कार्यगत एकताको जरुरी हुन्छ । तसर्थ स्थानीय पाठ्यक्रमको कार्यान्वयनको सन्दर्भमा पनि कार्यगत एकतालाई विशेष जोडदिनुपर्ने देखिन्छ ।
- स्थानीय स्तरमा रहेका महत्त्वपूर्ण विभिन्न विषयवस्तुहरुको खोजी एवं पहिचान गर्न मानवस्रोत परिचालन गर्नुपर्ने देखिन्छ ।
- स्थानीय पाठ्यक्रम निर्माण देखि कार्यान्वयन प्रक्रियालाई चुस्तदुरुस्त बनाउनको लागि सरकारले आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- स्थानीय पाठ्यक्रम निर्माण एवं कार्यान्वयनमा सम्बन्धित पक्षहरु बीच समन्वय कायम गर्नुपर्ने देखिन्छ ।
- पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको सन्दर्भमा देखिएका हरेक खालको समस्या समाधानको लागि सबैले आफ्नो स्थानबाट समाधानको प्रयास गर्नुपर्ने देखिन्छ ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको मुद्दाहरुलाई विस्तार एवं सार्वजनिक गरी सबै क्षेत्रहरुबाट सल्लाह, परामर्श र सुझाव संकलन गरी उपयुक्त बाटोलाई अपनाउन सकिन्छ ।

# सन्दर्भग्रन्थहरु

जवरा, स्वयं प्रकाश, श्रेष्ठ चन्द्रबहादुर, रञ्जीतकार किरणराम (२०५९), पाठ्यक्रम योजना र अभ्यास, काठमान्डौ : विद्यार्थी पुस्तक भण्डार ।

नेपालको अन्तरिम संविधान, २०६३ , कानून किताव व्यवस्थापन समिति, बबरमहल, काठमाण्डौ ।

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

शिक्षा तथा खेलकुद मन्त्रालय, २००३, सबैका लागि शिक्षा २००४-२००९, मुख्य दस्तवेज, शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल काठमान्डौ ।

योन्जन, तामाङ अमृत (२००६), नेपालका भाषाहरुको पहिचान, वर्तमान स्थिति र भाषाविकास योजना, काठमान्डौ : आदिवासी भाषाविज्ञान समाज, नेपाल ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (प्राथमिक तह) २०६४, पाठ्यक्रम विकास केन्द्र ।

स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री (विद्यालय तह) २०६६, पाठ्यक्रम विकास केन्द्र ।

शिक्षक मासिक, २०६८ जेठ, वर्ष ४, पूर्णाङ्क ३८

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धि सचेतना सामग्री, २०६५, पाठ्यक्रम विकास केन्द्र ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२), कक्षा १-३, पाठ्यक्रम विकास केन्द्र

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५), कक्षा १-५, पाठ्यक्रम विकास केन्द्र

शर्मा, चिरञ्जीवी र निर्मला (२०६७), शिक्षा मनोविज्ञान, काठमान्डौ, एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी ।

तिमिल्सिना, विनोदखण्ड (२०६७), शिक्षाका आधारहरु सहायक, काठमान्डौ, सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

शर्मा, चिरञ्जीवी (२०६२), शिक्षाका आधारहरु, काठमान्डौ, एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी ।

# अनुसूची १

## स्रोतव्यक्तिसँग सोधिएको खुला प्रश्नावली

ङ। तपाईको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा सामाजिक विषयको २०% स्थानीय पाठ्यक्रम लागु भएको छ की छैन?

..........................................................

ट्ट। स्थानीय विषयको पाठ्यक्रम निर्माण प्रक्रियामा को-को सहभागि हुन्छन् ?

..........................................................

घ। स्थानीय विषयको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धि कार्यक्रमहरु के के छन ?

...................................................

क) जिल्ला स्तरमा

ख) स्रोतकेन्द्र स्तरमा

ग) विद्यालय स्तरमा

ढ्ढ। स्थानीय विषयको शिक्षणलाई बढवा दिन के कस्ता योजना तथा प्रयास गर्नुभएको छ ?

...........................................................

छ। स्थानीय विषयको पठनपाठनको लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नुभएको छ की छैन ? यदि छैन भने कि होला ?

............................................................

ट। स्थानीय विषयको शिक्षणले विद्यालयमा, समुदायमा के कस्तो प्रभाव पारेको छ ?

.................................................

ठ। स्थानीय विषयको पाठ्यक्रम एवं शैक्षिक सामग्रीहरु निर्माण तथा कार्यान्वयनमा के कस्ता समस्याहरु देखिएका छन् ? र ती समस्याहरुलाई समाधानका लागि के कस्ता प्रयासहरु भएका छन् ?

.............................................................................

ड। स्थानीय विषयको पाठ्यक्रमको सम्बन्धमा तपाईको धारणा, कुनै सल्लाह तथा सुझाव के छ ?

...........................................................................

## अनुसूचि २

## प्रधानाध्यापकसँग सोधिएको  खुला प्रश्नावली

ज्ञ। तपाईको विद्यालयमा कुनै स्थानीय पाठ्यक्रम लागु गरिएको छ ? यदि लागु भएको छ भने कुन विषयको छ ?

..............................................................................

द्द। स्थानीय विषयको पाठ्यक्रम निर्माण प्रक्रियामा क-कसको सहभागिता थियो ?

...............................................................

घ। स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि के-कस्तो, सहयोग प्राप्त भएका छन् ?

.............................................................................

द्ध। स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयन कसरी गर्नु भएको छ ?

.....................................................

छ। स्थानीय विषयको पठनपाठनको लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गनु भएको छ की छैन ?

...............................................................

ट। स्थानीय विषयको पाठ्यक्रम लागु गरेपछि के फरक पाउनु भयो ?

.............................................................

ठ। स्थानीय विषयको पठनपाठनको लागि के-कस्ता शैक्षिक सामग्रीहरुको निर्माण गर्नु भएको  छ ?

..........................................................

ड। स्थानीय पाठ्यक्रम निर्माणमा के-कस्ता विषयवस्तुहरुलाई जोड दिइएको छ ?

.........................................................

ढ। तपाईले स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई के-कस्तो सल्लाह, वा परामर्श दिनुभएको छ ?

. .................................................................

## अनुसूची ३

### विषय शिक्षकलाई सोधिएको खुला प्रश्नावली

ञा। स्थानीय विषय शिक्षणको लागि शैक्षणिक योजना बनाउनु भएको छ ?

..........................................................................

ट्ठ। स्थानीय विषय शिक्षणको लागि के-कस्ता शैक्षिक सामग्री निर्माण गर्नु हुन्छ ?

..........................................................................

घ। स्थानीय विषयको पाठ्यक्रम सम्बन्धि तालिम लिनु भएको छ ?

........................................................

ड्ढ। कक्षा शिक्षणको सन्दर्भमा विद्यार्थीहरुलाई के-कस्ता क्रियाकलापहरु गराउनु हुन्छ ?

...............................................................

छ्। स्थानीय विषयवस्तुको शिक्षण गर्दा विद्यार्थी मूल्याङ्कन कसरी गर्नु भएको छ ?

...................................................................

ट। स्थानीय विषयको पठनपाठनले विद्यार्थीहरुको उपलब्धिमा केही परिवर्तन आएको छ ?

...........................................................

ठ। स्थानीय विषयको शिक्षण गर्दा के-कस्ता समस्याहरु देखापरेका छन ? ती समस्याहरुलाई कसरी समाधान गर्नु भएको छ ?

.................................................................

ड। स्थानीय विषयमा विद्यार्थीहरुको बुझाइ क्षमता अरु विषयमा भन्दा कम/बेसी कस्तो पाउनु भएको छ ?

..................................................................

ढ। कस्तो खालको विषयवस्तुमा विद्यार्थीको रुचि बढी पाइयो ?

.................................................................

ञण। तपाईको विचारमा स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि एउटा शिक्षकले के-के गर्नु पर्ला जस्तो लाग्छ ?

..................................................................

## अनुसूची ४

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग सोधिएको अन्तर्वार्ताका प्रश्नहरु

ज्ञ। तपाईको परिचय दिनुहुन्छ की ?

.........................................

द्द। यस विद्यालयको अध्यक्षको जिम्मेवारी लिनुभएको कति बर्ष जति भए होला ?

.........................................................................................................

घ। विद्यालय प्रशासनले तपाईको विद्यालयमा स्थानीय विषय लागु भएको जानकारी दिएको छ ?

.........................................................................................................

द्ध। विद्यालयमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्न एवं लागु गर्नको लागि तपाईले के कस्तो पहल गर्नुभयो ?

.........................................................................................................

छ। स्थानीय विषय लागुगर्नको लागि जिल्ला शिक्षा कार्यालय/स्रोतकेन्द्रबाट कुनै सहयोग पाउनु भएको छ ?

.........................................................................................................

ट। स्थानीय विषय शिक्षणको लागि शिक्षकको छनौट कसरी गर्नु भएको छ ?

.........................................................................................................

ठ। स्थानीय विषयको पाठ्यक्रम लागु भएपछि के फरक अनुभव गर्नु भएको छ ?

.........................................................................................................

ड। स्थानीय विषयको पाठ्यक्रम अध्यापन गर्दा आउन सक्ने समस्याहरु कस्ता होलान ? ती समस्याहरुको समाधानको लागि कुनै उपायहरु सोच्नु भएको छ ?

.........................................................................................................

ढ। स्थानीय विषयको बारेमा यहाँको थप धारण छ की ?

.........................................................................................................

## अनुसूची ५

### अभिभावकहरुसँग सोधिएको अन्तर्वार्ताका प्रश्नहरु

ज्ञ। तपाईको बालबालिकाहरुले स्थानीय विषय पढ्ने गरेको जानकारी पाउनु भएको छ ?

...........................................................

ट्ट। तपाईलाई स्थानीय विषयको बारेमा केही जानकारी छ की छैन ?

............................................................

घ। स्थानीय विषयमा के-के कुराहरु पढ्दा रहेछन् ?

....................................................

ढ्ढ। स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्ने समयमा तपाईलाई विद्यालयले जानकारी गराएको थियो ?

.............................................................................

छ। स्थानीय विषयको पाठ्यपुस्तक विद्यालयले उपलब्ध गराएको छ की छैन ?

............................................................................

ट। स्थानीय विषय पढाउने शिक्षकले बालबालिकाहरुलाई अवलोकन भ्रमणमा लैजाने गरेको छ की छैन ?

...............................................................................

ठ। स्थानीय विषयको पाठ्यक्रम लागु हुनु उपयुक्त छ की छैन ?

........................................................................

ड। स्थानीय विषयको शिक्षण सम्बन्धी तपाईको केही सुझाव छ की ?

.......................................................................

## अनुसूची ६

### समूह छलफलमा सहभागी भएका विद्यार्थीहरुको नामावली

| **क.स.** | **विद्यार्थीको नाम** | **क.स.** | **विद्यार्थीको नाम** |
|---|---|---|---|
| १ | सुनिता कार्की | १४ | मेनुका लामा |
| २ | विनिता भुजेल | १५ | अनोज स्याङ्बा |
| ३ | अनिल कार्की | १६ | सन्दिप भुजेल |
| ४ | सुष्मिता कार्की | १७ | लोकसाङ लामा |
| ५ | लमिन डोल्मो लामा | १८ | छ्योइसाङ लामा |
| ६ | यस बहादुर थिङ | १९ | नवराज थापा |
| ७ | सरिता थिङ | २० | अन्जना जोगी |
| ८ | बविता थिङ | २१ | रविन्द्र भुजेल |
| ९ | सिरिसा राई | २२ | समिता भुजेल |
| १० | सन्दिप राई | २३ | सुनिता भण्डारी |
| ११ | मनिषा श्रेष्ठ | २४ | रीता भुजेल |
| १२ | जिवन राई | २५ | लसाङ दोर्जे गोले |
| १३ | अर्जुन वि.क. | २६ | सुना लामा |


## अनुसूची ७

## कक्षा शिक्षण अवलोकन फारम

| क.स. | क्रियाकलाप विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| क | शैक्षणिक योजनाको निर्माण | | | |
| ख | शिक्षण सामग्रीको निर्माण | | | |
| ग | शिक्षण सामग्रीको प्रयोग | | | |
| घ | पुर्वपाठको स्मरण | | | |
| ङ | विद्यार्थीको ध्यानाकर्षण | | | |
| च | कालोपाटीको प्रयोग | | | |
| छ | सामग्रीको स्पष्टता | | | |
| ज | शिक्षण सिकाइ उद्देश्यमूलक भए/नभएको | | | |
| झ | समूह विभाजन | | | |
| ञ | कक्षा छलफल | | | |
| ट | छलफलमा विद्यार्थीहरुको सक्रियता | | | |
| ठ | उदाहरणको प्रस्तुती | | | |
| ड | विद्यार्थी मूल्याङ्कन | | | |
| ढ | गृहकार्य | | | |
| ण | प्रयोगात्मक कार्य | | | |
| त | योजना कार्य | | | |
| थ | पृष्ठपोषणको व्यवस्था | | | |
| द | सिर्जनात्मक कार्य | | | |

अनुसूचि ८

नमूना छनौटमा परेका विद्यालयहरुको विवरण




1. श्री गणेश उच्च माध्यमिक विद्यालय मझुवा २
2. श्री विमला प्राथमिक विद्यालय गैरीगाउँ ३
3. श्री जलकन्या प्राथमिक विद्यालय डाँडागाउँ ५
4. श्री भूमेश्वरी निम्न माध्यमिक विद्यालय नागी ४
5. श्री पञ्चकन्या प्राथमिक विद्यालय चालिसे ८

## अनुसूची ९

### अध्ययनको क्रममा छनौटमा परेका प्र.अ.तथा शिक्षकहरुको विवरण

| क.स. | शिक्षकको नाम | विद्यालयको नाम | तह |
|---|---|---|---|
| १ | श्री नेत्रबहादुर सुनुवार | श्री गाणेश उ.मा.वि.मभ्फुवा | मा.वि.(तृतीय) |
| २ | श्री चासुङ लामा | श्री गाणेश उ.मा.वि.मभ्फुवा | प्रा.वि.(तृतीय) |
| ३ | श्री अर्जुनबहादुर कार्की | श्री विमला प्रा.वि.गैरीगाउँ | प्रा.वि.(तृतीय) |
| ४ | श्री लालप्रसाद ढकाल | श्री विमला प्रा.वि.गैरीगाउँ | प्रा.वि.(तृतीय) |
| ५ | श्री युवराज आचार्य | श्री जलकन्या प्रा.वि.डाँडागाउँ | प्रा.वि.(तृतीय) |
| ६ | श्री शेषराज आचार्य | श्री जलकन्या प्रा.वि.डाँडागाउँ | प्रा.वि.(तृतीय) |
| ७ | श्री नरबहादुर थिङ | श्री पञ्चकन्या प्रा.वि. चालिसे | प्रा.वि.(तृतीय) |
| ८ | श्री मकरलाला गोले | श्री पञ्चकन्या प्रा.वि. चालिसे | प्रा.वि.(तृतीय) |
| ९ | श्री टेकबहादुर कार्की | श्री भूमेश्वर नि.मा.वि. नागी ४ | प्रा.वि.(तृतीय) |
| १० | श्री बुद्धिमान गोले | श्री भूमेश्वर नि.मा.वि. नागी ४ | प्रा.वि.(तृतीय) |

## अनुसूची १०

## अन्तर्वार्तामा सहभागी भएका अभिभावकहरुको नामावली

| क.स. | अभिभावकहरुको नाम |
|---|---|
| १ | बद्रि बहादुर आले |
| २ | होम बहादुर ठाडामगर |
| ३ | खड्ग बहादुर थापामगर |
| ४ | छेवाङ लामा |
| ५ | भुवन बहादुर थिङ |
| ६ | सुनमाया गोले |
| ७ | मंजु भुजेल |
| ८ | गणेश राई |
| ९ | अर्जुन कार्की |
| १० | दुर्गा प्रसाद दहाल |
| ११ | चन्द्र प्रसाद आचार्य |
| १२ | कृष्ण बहादुर दाहाल |
| १३ | चन्द्र बहादुर स्याङबा |
| १४ | विनोद कार्की |
| १५ | दिपक बहादुर घिसिङ |

# अनुसूची ११

## मझुवा गा.वि.स.का धार्मिक स्थलहरु

| वडा नं | धार्मिक स्थल | रहेको ठाउँ |
|---|---|---|
| १ र २ | गणेश मन्दिर, | मझुवा २ |
| | देवीथान | मझुवा २ |
| | माने | मझुवा २ |
| | शिव मन्दिर | मझुवा १ |
| | भूमेथान | मझुवा २ |
| ३ | गणेश थान | मझुवा ३, गैरीगाउँ |
| | शिव मन्दिर | मझुवा ३, गैरीगाउँ |
| | कृष्ण मन्दिर | मझुवा ३, गैरीगाउँ |
| ४ | सेतीदेवी मन्दिर | मझुवा ४, नागी |
| | माईपूजा थान (लामाखोला) | मझुवा ४, नागी |
| | भूमेथान (गोल्मेडाँडा) | मझुवा ४, नागी |
| | डग्छ्याङ शाक्या स्हाङ्पो भ्याङ्तेर ञिङ्मा गुम्बा | मझुवा ४, नागी |
| ५ | गणेश मन्दिर | मझुवा ५, डाँडागाउँ |
| | कृष्ण मन्दिर | मझुवा ५, डाँडागाउ |
| ७ | महाकाली देवीथान सिमचौर | मझुवा ७, नागी |
| | महादेव थान सिमचौर | मझुवा ७, नागी |
| | आइताबारे थान सिमचौर | मझुवा ७, नागी |
| | चन्द्रकन्या देवी थान | मझुवा ७, नागी |
| | बाखीखोला देवीथान | मझुवा ७, नागी |
| ८ | महाकाली देवीथान | मझुवा ८, चालिसे |
| | भूमेथान | मझुवा ८, चालिसे |
| | माने (स्तुपा) | मझुवा ८, चालिसे |
| | गौरीशंकर गुफा | मझुवा ८ र ९को सिमाना |
| ९ | बालकन्या देवी | मझुवा ९, आरुबोटे |

## अनुसूची ११

## स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरु

| क्र.स | चाडपर्व | क-कसले मनाउँछन् | गरिने क्रियाकलापहरु |
|---|---|---|---|
| १ | दशैं | बाहुन, क्षेत्री, मगर ☆तामाङ | दुर्गापूजा गर्ने, जमरा राख्ने, टीका लगाउने, मान्यजनहरुबाट आर्शिबाद लिने, आफन्तजनहरुसँगको भेटघाट, शुभकामना आदनप्रदान, खानाको परिकारहरु बनाइ खाने, राम्रो लुगाकपडा लगाउने, पीङ खेल्ने (☆)तामाङ समुदायमा भने पितृपूजा (खेप्पासुङ) गर्ने, र कतिपय तामाङहरुले भने दशैंमा रातो टीकाको बदला दहीमा मुछिएको सेतो टीका लगाउने गर्दछन् भने कतिपयले दशैंमा टीका नलगाउने गरेको पनि देखिन्छ । |
| २ | तिहार | बाहुन, क्षेत्री, मगर, तामाङ, हायु | दिदीबहिनीहरुबाट टीका लगाइने, विभिन्न रङको फूलको माला लगाइने, सेलरोटीका साथसाथै अन्य विभिन्न परिकार बनाइने । |
| ३ | धान्यपूर्णिमा | मगर, तामाङ | तामाङ र मगर समुदायका मानिसहरुले गोठमा गाईवस्तुको सुरक्षा एवं निरोगीताको कामना सहित पूजाआजा तथा धूपधुवाँर गर्ने । |
| ४ | माघे सङ्क्रान्ति | बाहुन, क्षेत्री, मगर, तामाङ | तीलको लड्डु, फापरको फुलौरा, वन तरुल आदि खाने, तामाङ समुदायका झांक्रीहरुले भने माघे सङ्क्रान्तीको दिन पाठी, परेवा, कुखुरा वली दिई माईको पूजा गर्ने  गरिन्छ । |
| ५ | चैते दशै | बाहुन,क्षेत्री, मगर, तामाङ,हायु | सामान्यरुपमा खानाको परिकारहरु बनाइ खाने र आफन्तजनहरुसँगको भेटघाट आदि । |
| ६ | बैशाख पूर्णिमा | मगर, तामाङ | बैशाख पूर्णिमाको दिन तामाङहरुले भूमे पूजा गर्ने गर्दछ भने मगरहरुले पनि सामाजिकरुपमा सो पूजामा भागलिने गर्दछन् ।<br>तर हालआएर भगवान बुद्धको जन्मदिन भएकोले सो दिन गरिने काटमारलाई अनुकुलता अनुसार अघिल्लो वा पछिल्लोदिन गर्ने गरेको । |
| ७ | साउने सङ्क्रान्ति | बाहुन, क्षेत्री, मगर, तामाङ, हायु | साउने सङ्क्रान्तीको दिन प्रायजसो सबैको घरमा बेलुका मानिस एवं सबै घरपालुवा पशुपंक्षीको निरोगीता, सुखशान्तीको कामना गरी विभिन्न औषधीजन्य बोटविरुवाहरुको पात जलाई दियालो बालेर विभिन्न धार्मिक बाजाहरु बजाउदै अगुल्टो फ्याँक्ने गरेको पाइन्छ । जसलाई लुतो फ्याँकेको भन्ने गरिन्छ । |
| ८ | तीज | बाहुन, क्षेत्री, मगर, हायु | विशेषगरी हिन्दु नारीहरुले भव्यताको साथ मनाइने पर्व तर हाल भने सवै नारीहरुले मनाउने गरेको पनि देखिन्छ । |
| ९ | जनै पूर्णिमा | बाहुन, क्षेत्री, तामाङ | बाहुन तथा क्षेत्री समुदायका मानिसहरुले नयाँ जनै मन्त्रेर लगाउने गरेको पाइन्छ भने कतिपय घरमा सो दिन चेलीबेटीहरुले आफ्ना दाजुभाइहरुको दिर्घायुको कामना सहित हातमा राखी बाँध्ने गरेको पनि देखिन्छ ।<br>तर तामाङ समुदायमा भने सो दिन झाँक्री तथा लामाहरुको घरमा गाउँघरका आफ्ना दाजुभाइहरु जम्मा भई देवदेवीहरुको गुप्ताबास समाप्त भई बाहिर निस्कने दिनको रुपमा लिइ भव्यताको साथ भातको |

| | | | |
|---|---|---|---|
| | | | तोर्मा बनाइ विशेष विधिविधान सहित कार्यक्रमहरु गर्ने र नयाँ सिकारुहरुलाई अग्रज गुरुहरुले ज्ञान प्रदान गर्ने शुभ दिनकोरुपमा लिइन्छ । |
| १० | ल्होसार | तामाङ | विशेष गरी तामाङ समुदायका मानिसहरुले नयाँ वर्षकोरुपमा मनाइने चाड हो ल्होसार । तर ल्होसार शेर्पा, गुरुङ, मगर लगायत अन्य समुदायका मानिसहरुले पनि मनाउने गरेको पाइन्छ । ल्होसारमा विभिन्न खानाका परिकारहरु बनाउने, पाहुनाहरुलाई खुवाउने, शुभकामना आदनप्रदान गर्ने, टीका लगाउने, चेलीबेटीहरुलाई टीका लगाइइ दान दक्षिणा गर्ने, घरघरमा शुभमंगलको कामना सहित लामा गुरुहरुबाट दर्ज्यु तथा लुङतार(धार्मिक ध्वजा) राख्न लगाउने गरिन्छ । |